नेपाल सरकार

मेलम्ची खानेपानी विकास समिति

मेलम्ची खानेपानी आयोजनाको

कार्ययोजना तथा वार्षिक प्रगति प्रतिवेदन



श्रावण २०६५

आयोजना क्षेत्र


N
लाङटाङ राष्ट्रिय निकुञ्ज
रिवर्मा गाउँ
सुरुङको प्रस्तावित विस्तार
योक वितरण प्रणाली पाइपलाइन
पानी पोखरीहरु
अडिट प्रवेश मार्ग
निर्माणाधीन मुख्य प्रवेश मार्ग
सुरुङ
प्रशोधन केन्द्र
ग्याल्थुम अडिट
सिन्धु अडिट
शिवपुरी राष्ट्रिय निकुञ्ज
सुन्दरीजल
महाकाल पानी प्रशोधन केन्द्र
काठमाडौं
योक वितरण प्रणाली
कीर्तिपुर
ललितपुर
ठिमी
भक्तपुर
लामिडाँडा
अरनिको राजमार्ग
बागमती नदी
मेलम्ची पुल बजार
इन्द्रावती नदी
मेलम्ची खोला
यांसी खोला
लाकें खोला

नेपाल सरकार

मेलम्ची खानेपानी विकास समिति

मेलम्ची खानेपानी आयोजनाको

कार्ययोजना तथा वार्षिक प्रगति प्रतिवेदन

श्रावण २०६५

हरिराम कोइराला
कार्यकारी निर्देशक
(संरक्षक)

पूर्णदास श्रेष्ठ
उप-कार्यकारी निर्देशक
(सल्लाहकार)

कृष्ण राना
उप-कार्यकारी निर्देशक
(सल्लाहकार)

नरेन्द्र बराल
प्रमुख-ईन्जिनियरिङ्ग युनिट
(प्रबन्ध सम्पादक)

यज्ञ बहादुर खत्री
प्रमुख, प्रशासन युनिट
(प्रधान सम्पादक)

सलिल देवकोटा
टोली नेता,
जनसम्पर्क परामर्शदाता
(सम्पादक)

राधाराम कोइराला
जनसम्पर्क परामर्शदाता
(कार्यकारी सम्पादक)

गौलोचन प्रधान
संगीता श्रेष्ठ
(कम्प्युटर टाइपिङ्ग)

महेन्द्र लम्साल
(कम्प्युटर सेटिङ्ग)

प्रकाशक
मेलम्ची खानेपानी विकास समिति

सम्पादकीय

मेलम्ची खानेपानी विकास समितिले आयोजनाको कार्यनीति सहितको प्रगति विवरणहरू र आ.ब. ०६४/६५ को वार्षिक प्रगति प्रतिवेदन प्रथम पटक प्रकाशन गर्न लागेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं ।

प्राथमिकता प्राप्त बृहत् आयोजनाको बृहत्तर हित र कार्यान्वयनको लागि सबैसंग हातेमालो गरी अघि बढ्नु हामी सबैको कर्तव्य हो । सम्बन्धित स्थानीयबासीको सहभागितामा निर्मित सर्वपक्षीय समितिमार्फत् सरचनात्मक कार्य अन्तर्गत सामाजिक उत्थान कार्यक्रम सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गरिनुजस्ता कार्य तथा अन्य सरोकार समिति, उपभोक्ता समिति तथा उपसमितिमार्फत् आयोजनाको कार्यक्रम सञ्चालन गरिनुले पनि आयोजना यथासमयमा सहज वातावरणमा सम्पन्न हुनेमा ढुक्क हुन सकिन्छ ।

यस प्रतिवेदनमा संरचनागत, संस्थागत, भौतिक पूर्वाधारहरू आ.ब. ०६४/६५ को वार्षिक प्रतिवेदनसहित अतिरिक्त कुराहरू पनि समावेश गरिएका छन् । प्रकाशन गर्नेक्रममा प्राविधिक तथा मानवजन्य त्रुटिहरू भएनन् होला भन्न सकिंदैन । समयाभावको कारण धेरै कुराहरू समेट्न सकिएनन् । छुटपुट तथ्यहरूलाई आगामी वर्षमा समेट्ने प्रतिबद्धता जाहेर गर्दै यहाँहरूको अमूल्य राय, सुझाव, सल्लाह एवं मार्गनिर्देशनको प्रतिक्षा गर्दछौं । परिमार्जित, परिस्कृत र अझै गुणस्तरयुक्त प्रतिवेदनको सस्करणहरू आगामी अंकमा यहाँहरू समक्ष ल्याउने नै छौं ।

अन्त्यमा, यो प्रतिवेदन तयार पार्न सहयोग पुऱ्याउने समिति र आयोजनाका सम्पूर्ण निकाय तथा कर्मचारी, शुभचिन्तकहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यहाँहरूको राय, सुझाव र सल्लाहको लागि सम्पर्क ठेगाना

मेलम्ची खानेपानी विकास समिति
मीनभवन, काठमाडौं, नेपाल
फोन : ९७७ १ ४४६८९६३, ४४६८९६५, ४४९३९५९
फ्याक्स : ९७७ १ ४४६८९६२
Email : info@melamchiwater.org
URL : www.melamchiwater.org

नेपाल सरकार

मेलम्ची खानेपानी विकास समिति

शुभकामना

भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत सञ्चालित मेलम्ची खानेपानी विकास समितिले कार्यनीतिसहितको प्रगति विवरण र वार्षिक प्रगति प्रतिवेदन ०६४/६५ प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ। आयोजनाको संरचना, भौतिक पूर्वाधारहरू र कार्यप्रगतिको बारेमा स्थानीयवासी र उपभोक्तालगायत सरोकारवाला सबैलाई सूचनाको प्रवाहबाट सुसूचित राख्नु अत्यावश्यक छ भन्ने कुरा मैले ठानेको छु। यसै वर्षबाट यस आयोजनाले कार्ययोजनासहितको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने जस्तो कार्यको शुरूवात गर्नु आफैमा एक उल्लेखनीय र प्रशंसनीय कार्य हो।

यस मेलम्ची खानेपानी विकास समितिको संरचनागत, संस्थागत, भौतिक पूर्वाधार अन्तर्गत निर्माण भएका कार्यप्रगति जनमानस समक्ष पारदर्शी ढङ्गले प्रस्तुत गरेर सबैको राय, सुझाव र सल्लाह प्राप्त गर्न सकेमा आयोजनाका कार्य अझ जनमुखी हुनेमा विश्वास लिन सकिन्छ। पारदर्शिताको माध्यमबाट सुशासनको प्रत्याभूति स्थानीय स्तरसम्म पुऱ्याउने र सरकारी आयोजनाहरू बीच एक-अर्काले गरेका कामको जानकारी उपलब्ध गराउने यस प्रतिवेदनको प्रमुख उद्देश्य ठानेको छु। स्थानीयस्तरका सेवाग्राहीलाई कुनकुन शाखाबाट कुन कुन संरचना र सेवा उपलब्ध हुन्छन् भन्ने कुराको जानकारी सबैले प्राप्त गर्न सक्छन् भन्ने विश्वास लिएको छु।

अन्त्यमा, यस प्रतिवेदन तयार गरी प्रकाशन गर्ने कार्यमा संलग्न सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। साथै आगामी वर्षहरूमा समेत अझै परिमार्जित, परिष्कृत रूपमा प्रकाशनले निरन्तरता पाउनेछ भन्ने विश्वास लिंदै शुभकामना व्यक्त गर्दछु।

हरिराम कोइराला
कार्यकारी निर्देशक

विषय सूची

१.	मेलम्ची खानेपानी आयोजनाको ऐतिहासिक पृष्ठभूमि	१
१.१	आयोजनाको लागि सम्भाव्य स्रोतहरूको अध्ययन र पहिचान	२
१.२	आयोजनाको परिचय	२
१.३	मेलम्ची आयोजना नै किन ?	२
१.४	कति पानी ल्याउने ?	२
१.५	मेलम्ची उपत्यकामा पानीको मौजुदा प्रयोग र आवश्यकता	३
१.६	लेभीको व्यवस्था	३
१.७	मेलम्ची खानेपानी विकास समिति	३
२.	आयोजना अन्तर्गतका प्रमुख कार्यहरू	४
२.१	भौतिक पूर्वाधार तथा संरचना निर्माण	४
२.१.१	सुरुङ्ग मार्ग तथा हेडवर्क्स निर्माण	५
२.१.२	मेलम्ची डाइभर्सन स्किम	६
२.१.३	पानी प्रशोधन केन्द्र	६
३.	सामाजिक तथा वातावरणीय कार्यक्रमहरू	७
३.१	वातावरणीय व्यवस्थापन कार्यक्रम	७
३.२	सामाजिक उत्थान कार्यक्रम	७
३.३	पुनर्संरचित सामाजिक उत्थान कार्यक्रमको संगठनात्मक स्वरूप	८
३.४	सामाजिक उत्थान कार्यक्रमका कार्यक्षेत्रहरू	८
३.४.१	शिक्षा	८
३.४.२	स्वास्थ्य	९
३.४.३	आयआर्जन तथा सामुदायिक विकास	९
३.४.४	मध्यवर्ती क्षेत्र विकास	९
३.४.५	ग्रामीण विद्युतीकरण/ग्रामीण भौतिक पूर्वाधार विकाश	१०
४.	मुआब्जा तथा क्षतिपूर्ति व्यवस्था	११
४.१	पुनर्वास कार्ययोजना	११
४.२	तालिमको व्यवस्था	११
४.३	स्थानीय रोजगारी	११

५	संस्थागत सुधार	१२
५.१	आयोजनाको नयां संरचना	१२
५.१.१	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	१३
५.१.२	काठमाडौं उपत्यका खानेपानी लिमिटेड	१३
५.१.३	खानेपानी महशुल निर्धारण आयोग	१३
६.	सेफ गार्ड युनिट	१४
७	आयोजनाको लागत तथा आर्थिक स्रोत	१५
७.१	आयोजनाको प्रारम्भिक लागत तथा श्रोत	१५
७.२	आयोजनाको संशोधित लागत तथा श्रोत	१६
७.३	आयोजनाको विस्तृत लागत, कार्यक्षेत्र तथा श्रोत बाडफाड	१६
८	आयोजनाको हालसम्मको खर्चको विवरण	१८
८.१	आयोजनाको हालसम्मको खर्च	१८
८.२	आ.व. २०६४/६५ को वार्षिक बजेट तथा प्रगति	१८
९	मेलम्ची खानेपानी आयोजनाको हालसम्मको प्रगति	१९
९.१	भौतिक पूर्वाधार तथा संरचना निर्माण	१९
९.२	आ.व. २०६४/६५ चैत/वैशाखसम्म भुआब्जासम्बन्धी भएको प्रगति	२१
९.३	वातावरणीय व्यवस्थापनतर्फ भएका प्रगति	२२
९.४	सामाजिक उत्थान कार्यक्रमले गरेका महत्वपूर्ण कार्यहरू	२३
९.४.१	शिक्षा	२३
९.४.२	स्वास्थ्य	२३
९.४.३	आयआर्जन	२४
९.४.४	मध्यवर्ती क्षेत्र विकास	२५
९.४.५	ग्रामीण विद्युतीकरण	२५
९.५	सामाजिक उत्थान कार्यक्रम अन्तरगत भएको खर्च तथा फाटबारी	२५
१०.	आयोजना सञ्चालनको सन्दर्भमा उठेका समस्या तथा समाधानका लागि यस आ.व. ०६४/६५ मा गरिएका प्रयासहरू	२६
१०.१	मेलम्ची खानेपानी विकास निर्माण उपभोक्ता समिति, सुन्दरीजल	२७
१०.२	ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालक समिति	२७
१०.३	मण्डन उपत्यका विकास समिति	२९
१०.४	ह्योल्मो खानेपानी सरोकार समिति	२९
१०.५	मेलम्ची खानेपानी आयोजनाद्वारा सञ्चालित विभिन्न गतिविधिहरूको एक झलक	३०
अनुसूचीहरू		३१
अनुसूची १	मेलम्ची खानेपानी आयोजनाको संगठनात्मक स्वरूप	३२
अनुसूची २	मेलम्ची खानेपानी आयोजना तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू	३३
अनुसूची ३	आयोजना र आयोजना प्रभावित क्षेत्रका समितिहरू बीच गरिएका सम्झौताका नमुनाहरू	३७
अनुसूची ४	ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालक समिति तथा पदाधिकारीहरूको विवरण	४१

१

मेलम्ची खानेपानी आयोजनाको ऐतिहासिक पृष्ठभूमि

काठमाडौं उपत्यकामा केन्द्रिकृत भौतिक सुविधाको पर्याप्तताले शहरीकरण दिनानुदिन द्रुततर गतिमा बढिरहेको छ। सतही र भूमिगत पानीको अत्याधिक प्रयोग भएको अवस्थाले गर्दा कृषि, धार्मिक नदिनालाहरू साथै तिनमा जैविक विविधता र पर्यावरणमा प्रतिकुल असर परेको हुँदा यहाँको भौगर्भिक संरचना र प्रकृयामा नकारात्मक प्रभाव देखिन थालेको सर्वविदितनै छ।

काठमाडौंको खानेपानीको इतिहासलाई हेर्दा सन् १८९५ सम्म खानेपानीको आपूर्तिका लागि स्थानीय दुङ्गेधारा (हिटी), इनार, खोला, कुवा, पंधेरो, पोखरी तथा आकासे पानीमा निर्भर रहेको पाइन्छ। तत्कालिन अवस्थामा यस्तो प्रणालीबाट सहज तथा पर्याप्त रूपमा पानी उपलब्ध थियो। क्रमबद्ध रूपमा बढ्दो जनसंख्यालाई पानीको माग पुरा गर्न उपलब्ध प्रविधिको समेत प्रयोग गर्न सन् १८९५ मा बांसबारी क्षेत्रमा बीरधारा नामले परिचित प्रथम पाइप प्रणालीको निर्माण भएको थियो। तत्पश्चात क्रमशः सन् १८९६ मा दुधपोखरी सन् १९३० मा बालाजु क्षेत्रमा भिम-धारा तथा सन् १९६६ मा सुन्दरीजलको पानी प्रशोधन केन्द्र निर्माण भएको पाइन्छ। सन् १९७२ मा विश्व बैंकको सहयोगमा काठमाडौं उपत्यकाको खानेपानीलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न एउटा गुरूयोजना तयार भएको थियो। उक्त गुरूयोजना यथास्थितिमा कार्यान्वयन हुन नसक्दा क्रमशः सैबु, चापागाउं, मनोहरा जस्ता सतही मुहान तथा थुप्रै ट्युबवेलहरूबाट पानीको आपूर्तिमा वृद्धि गर्दै लगेको पाइन्छ।

सन् १९८८ मा बिन्नी पार्टनरसंद्वारा सम्भाव्यता अध्ययन हुँदा काठमाडौं भित्रको बुढमती, कोइकु, बल्खु, नख्खु आदि खोला तथा उपत्यका बाहिर मेलम्ची, लाम्टाङ्गलाई Gravity Flow को रुपमा, इन्द्रावती, त्रिशुली, कुलेखानीलाई Impounding System को रुपमा, रोशी, कुलेखानीलाई Pumping को रुपमा प्रस्तावित खोलाको अध्ययन भएको थियो। सन् १९९२ मा स्मेक कन्सल्टेन्ट (अष्ट्रेलिया) द्वारा काठमाडौंका लागि मेलम्ची डाइभर्सन स्कीम तथा म्याली भित्रका स्रोतहरू समेत गरी मुख्य ३ वटा विकल्पहरू अध्ययन गरिएको थियो। सन् १९९६ मा बुटवल पावर कम्पनीबाट आर्थिक सम्भाव्यता अध्ययन भएको थियो। तत्पश्चात सन् १९९९ मा विश्व बैंक तथा नरप्लानको सहयोगमा मेलम्ची आयोजनालाई संस्थागत रूपमा कार्यान्वयनमा लगिएको हो। परिणामत यी अध्ययनहरुकै आधारमा सन् २००१ मा ए.डी.बी.बाट आयोजना लगानीमा सहमत भइ ऋण सम्झौता भएको हो। तर अफसोच सन् २००७ मा काठमाडौं उपत्यकामा पानी भित्र्याउने लक्ष्य राखिएकोमा विभिन्न व्यवधानहरूले गर्दा पूर्वाधार निर्माणको काम मात्र भएको मुख्य कार्य सुरूइ निर्माण कार्य प्रारम्भ हुन सकेन।

हाल काठमाण्डौं उपत्यकामा करिब २२ लाख जनसंख्या रहेको तथ्याङ्कले देखाएको छ। उपत्यकाको खानेपानीको माग दैनिक २२ करोड लिटर छ। तर मौजुदा अवस्था भने हिउँदमा ९ करोड र वर्षामा १३ करोड लिटर प्रतिदिन छ। अतएव: काठमाण्डौं उपत्यकाको खानेपानीको वर्तमान काकाकुल र हाहाकार अवस्थालाई दीर्घकालीन रूपमा समाधान गर्न विगत तीन दशक पहिलेदेखि अन्तर्राष्ट्रिय दात् संघ/संस्थाद्वारा विस्तृत अध्ययन र अनुसन्धान गरी वैकल्पिक उत्कृष्ट स्रोत मेलम्ची नै हो भन्ने ठहर गऱ्यो। आयोजनाबाट उपत्यकामा रहेका धार्मिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सुधार ल्याउने एवं आर्थिक, सामाजिक र प्राविधिक दृष्टिकोणबाट समेत उपयुक्त भएको साथै पर्याप्त पानी दीर्घकालीन रूपमा समेत धान्न सकिने स्रोत रहेको छ।

१.१ आयोजनाको लागि सम्भाव्य स्रोतहरूको अध्ययन र पहिचान

वि.सं. २०३०/३१ (सन् १९७३) देखि नै उपत्यकाभित्र र बाहिरका सतहगत स्रोतहरू अध्ययन गरी खानेपानी परिपूर्ति गर्ने सोच लिइएको थियो। वि.सं. २०४४/४५ (सन् १९८८) मा बिन्नी एण्ड पार्टनर्स (बेलायत) भन्ने अन्तर्राष्ट्रिय संस्थाद्वारा उपत्यकाभित्र र बाहिरका २० वटा सतहगत सम्भाव्य पानीका स्रोत अध्ययन भएकोमा मेलम्ची खोलालाई उत्तम सम्भाव्य स्रोतको रूपमा पहिचान गरिएको थियो। अध्ययनकै आधारमा स्नोइ माउन्टेन इन्जिनियरिङ्ग कर्पोरेशन अष्ट्रेलियाले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगमा विस्तृत अध्ययनपछि आयोजनालाई प्राविधिक, समाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणले उत्तम ठहर गऱ्यो। तत्पश्चात आ.व. २०४६/०४७ (सन् १९९०) मा स्टेनले एण्ड एसोसियट्सले वातावरणीय दृष्टिकोणले उत्तम विकल्पको पहिचान गरी लगानीको लागि उपयुक्त मान्यो। पुनः वि.सं. २०५३/५४ (सन् १९९६) मा बिन्नी एण्ड पार्टनर्स र बुटवल पावर हाइड्रो-कन्सल्टको संयुक्त प्रयासमा आयोजना निर्माणार्थ वातावरणीय अध्ययन सहित वित्तीय लगानीका लागि सम्भाव्यता अध्ययन कार्य गरेको थियो। तसर्थ यीनै अध्ययनको आधारमा एशियाली विकास बैंकको तत्वावधानमा नर्वेजियन विकास संस्था (नोराड) स्विडिस विकास संस्था (सिडा), जापानी संस्था (जेबिक) र विश्व बैंकद्वारा मेलम्ची खानेपानी आयोजना कार्यान्वयनका लागि विस्तृत अध्ययन गरी कार्यक्रम शुरू गरेको हो।

माथि उल्लेखित आयोजनाको ऐतिहासिक पृष्ठभूमि र सम्भाव्यता श्रोतहरूको अध्ययन र पहिचान पश्चात कार्यान्वयन पक्षमा गएको तर आ.व. ०५५/५६ बाट शुरु भई २०६४/६५ मा सम्पन्न गर्ने भनिएकोमा आयोजना पुनर्संरचनाको नीति अनुसार २०६८/६९ मा सम्पन्न गर्ने ए.डी.बी. र नेपाल सरकार सहमत भएका हुन्।

१.२ आयोजनाको परिचय

मेलम्ची खानेपानी आयोजनाले प्रथम चरणमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गा.वि.स. अन्तर्गत मेलम्ची खोलाको रिबमा भन्ने ठाउँमा मुहान (हेडवर्क) निर्माण गरी रिबमादेखि सुन्दरीजलसम्म २६.५ कि.मि. लामो सुरुङ्गको माध्यमबाट दैनिक १७ करोड लिटर पानी काठमाण्डौमा भित्याउने, त्यसपछि दीर्घकालीन सोचमा दोस्रो र तेस्रो चरणमा क्रमशः लार्के र याङ्ग्रीबाट थप १७/१७ करोड लिटरका दरले दैनिक गरी कुल ५१ करोड लिटर पानी काठमाण्डौमा वितरण गर्ने उद्देश्य रहेको छ।

१.३ मेलम्ची आयोजना नै किन ?

- आर्थिक, सामाजिक, वातावरणीय तथा प्राविधिक दृष्टिकोणबाट समेत उपयुक्त भएको।
- सम्भार कार्य सरल हुने।
- संचालन खर्च कम लाग्ने।
- पानीको माग बढ्दै जांदा याङ्ग्री र लार्के खोलाहरूबाट चरणबद्ध रूपमा थप पानी आपूर्ति गर्न सकिने।
- उपत्यकाको खानेपानीको मागलाई दीर्घकालीन रूपले धान्न सकिने।
- पानी स्वच्छ (प्रदुषण रहित) भएको।
- हिम नदी भएकोले बाह्रै महिना पानी आपूर्ति हुने।

१.४ कति पानी ल्याउने ?

हेलम्बु गा.वि.स.को रिबमा भन्ने ठाउँमा मुहान (हेडवर्क) निर्माण गरी मेलम्ची खोलाको पानी करिब २००० लिटर/२ घनमिटर प्रति सेकेण्ड अर्थात दैनिक १७ करोड लिटर काठमाण्डौ उपत्यकामा ल्याइने छ। औसत २६०० लिटर पानी मध्ये २००० लिटर प्रति सेकेण्ड मात्र काठमाण्डौ उपत्यकामा ल्याउने योजना रहे पनि कुनै कुनै सुख्खायाममा कम बहाव हुन सक्ने सम्भावनालाई ध्यानमा राखी स्थानीय प्रयोग र वातावरणमा प्रतिकूल असर नपरोस भन्ने उद्देश्यले यस्तो अवस्थामा आयोजनाले काठमाण्डौ लैजाने पानीको मात्रालाई घटाई न्यूनतम ४०० लिटर प्रति सेकेण्ड पानी अनिवार्य रूपमा मुहानबाट मेलम्ची खोलामा छोडी बाँकी पानी मात्र काठमाण्डौमा भित्याइनेछ।

१.५ मेलम्ची उपत्यकामा पानीको मौजुदा प्रयोग र आवश्यकता

मेलम्ची खोलाको पानीबाट तल्लो तटीय क्षेत्रको करिब २८९ हेक्टर जमिनमा सिंचाई भएको छ। मुहानबाट छाडिने पानी तल्लो तटीय क्षेत्रतर्फ बग्दै जांदा अन्य खोलानाला र खोल्सी आदि (टिम्बु, कार्तिके, चित्रे, आरान, खहरे आदि खोलाहरू) मिसिने हुंदा किउल क्षेत्रमा आइपुग्दा करीब ६४० लिटर र चनौटे क्षेत्रमा १४८० लिटर पानी प्रति सेकेण्ड उपलब्ध हुने देखिन्छ। यसबं तल्लो तटीय क्षेत्रको मौजुदा सिंचाई प्रणालीमा केही असर नपर्नाको साथै अन्य पर्यावरणीय पक्षमा समेत केही असर नपर्ने कुरा अध्ययनबाट प्रष्ट भएको छ।

आयोजनाबाट प्रभावित सिंचाई संरचना तथा पानी घट्टहरूको मर्मत सुधारको लागि मुआव्जाको पनि व्यवस्था गरिएको छ। मुआव्जा निजी पानी घट्टहरूको लागि मात्र दिने व्यवस्था छ र करिब २२,००,००० रूपैया क्षतिपूर्ति बापत वितरण गरिसकिएको छ।

१.६ लेभीको व्यवस्था

जलस्रोत ऐन, २०४९ ले जलस्रोतको उपयोग गर्दा खानेपानीलाई प्रथम प्राथमिकता दिने व्यवस्था गरेको छ। मेलम्ची उपत्यकाका १४ गा.वि.स.मा दीर्घकालीन विकास गरी उक्त क्षेत्रका बासिन्दाहरूको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ल्याउनको लागि आयोजनाबाट गरिने खानेपानीको वितरणबाट प्राप्त हुने आम्दानीको केही प्रतिशत रकम लेभीको रूपमा छुट्याउने र मेलम्चीवासीको हितमा उपयोग गर्ने व्यवस्था काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ मा समावेश भएको छ। मेलम्ची र काठमाडौं क्षेत्रका सरोकारवाला, आधिकारिक संघसंस्था र स्थानीय प्रतिनिधिहरूसँग समेत छलफल गरी कानूनसम्मत ढङ्गले लेभी सम्बन्धी सम्पूर्ण प्रक्रिया निर्धारण गरिने छ।

१.७ मेलम्ची खानेपानी विकास समिति

वि.सं. २०५२ मा मेलम्ची खानेपानी अयोजनाको लागि लगानीकर्ता खोजी गरी कार्यान्वयनमा ल्याउन तत्कालिन सरकारले मेलम्ची खानेपानी लिमिटेडको स्थापना गरी कार्य संचालन गरेको थियो। एसियाली विकास बैंक, जापानी तथा नर्वेजियन सरकार जस्ता प्रमुख दाताहरूले मेलम्ची खानेपानी आयोजनामा लगानी गर्ने इच्छा देखाएपछि तत्कालिन सरकारले खानेपानी समस्या निराकरणका लागि विशेष महत्व दिई आ.व. २०५५/५६ (सन् १९९८, अगष्ट) मा आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गत मेलम्ची खानेपानी विकास समितिको गठन गरी कार्य सञ्चालन गर्दै आइरहेको छ।

यस समितिको सञ्चालक मण्डलमा भौतिक योजना तथा निर्माण मन्त्रालयको प्रतिनिधि-१ अध्यक्ष, अर्थ मन्त्रालयको प्रतिनिधि-१ सदस्य, काठमाण्डौ महानगरपालिकाको प्रतिनिधि-१ सदस्य, विद्युत विकास विभागको प्रतिनिधि-१ सदस्य र स्वयम् यस विकास समितिका कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी ५ जनाको समिति गठन हुने प्रावधान रहेको छ। यस बोर्डको मुख्य जिम्मेवारी मेलम्ची खानेपानी आयोजनाको यथाशीघ्र कार्यान्वयनमा आवश्यक पर्ने वैज्ञानिक, प्राविधिक, प्रशासनिक तथा आर्थिक व्यवस्थापन गर्नु रहेको छ।

हाल यस समितिमा आबद्ध माननीय पदाधिकारीहरू तथा पदाधिकार रहेका कार्यालयहरू निम्न प्रकार रहेका छन्।

सि.नं.	मेलम्ची खानेपानी विकास समितिका पदाधिकारीहरू	पद
१	श्री पूर्ण प्रसाद कडरिया, सचिव - भौतिक योजना तथा निर्माण मन्त्रालय	अध्यक्ष
२	श्री हरिराम कोइराला, कार्यकारी निर्देशक - मेलम्ची खानेपानी विकास समिति	सदस्य सचिव
३	श्री लालमणि जोशी, सह-सचिव - अर्थ मन्त्रालय	सदस्य
४	श्री दिनेश कुमार थपलिया, प्रमुख - काठमाडौं महानगरपालिका	सदस्य
५	श्री सुनिल बहादुर मल्ल, उप-महानिर्देशक - विद्युत विकास विभाग	सदस्य

सोही बमोजिम यस समितिको संगठनात्मक स्वरुप अनुसूची १ र यस समितिमा हाल कार्यरत कर्मचारीहरूको नामावली अनुसूची २ मा संलग्न गरिएको छ।

२

आयोजना अन्तर्गतका प्रमुख कार्यहरू

२.१ भौतिक पूर्वाधार तथा संरचना निर्माण

Upgrade Access Road (UAR) अन्तरगत लामीडांडा मेलम्ची पुल बजार सडक स्तरोन्नति कार्य शुरूमा डिजाइन Norplan बाट भएको थियो । तर हाल (UAR) को २२.२० कि.मी. सडक बिस्तार तथा पिच कार्यको लागि मारुसिन-सिताका टुण्डी जे.भी. निर्माता कम्पनीसँग १५ अप्रिल २००८ मा सम्झौता भई १५ मे २००८ देखि निर्माता कम्पनी साइटमा परिचालित भएका छन् । जुन फर्मबाट १८ महिनामा निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । यस कार्यको डिजाइन सुपरिवेक्षण परामर्शदाता सिङ्गेफ-टेक जे.भी. पनि १ जुन २००८ देखि साइटमा परिचालित भएका छन्, हाल सडकको विस्तृत सर्वेक्षण कार्य निर्माता र परामर्शदाताको संयुक्त पहलमा भइरहेको छ ।

Main Access Road (MAR) अन्तरगत अम्बाथान प्रवेश मार्ग २.३३७ कि.मी. प्राय सम्पन्न भएको, नुवार खोला पुल सम्पन्न भएको, चाखोला पुल सम्पन्न भएको, चनौटे खण्ड फराकिलो बनाउने कार्य सम्पन्न भएको, सिस्ने ओडार रिटेनिङ्ग वाल निर्माण कार्य प्राय सम्पन्न भएको, विभिन्न चेनेजमा स-साना मर्मत कार्य सम्पन्न भएको, मेलम्ची पुल बजारदेखि चनौटेसम्म ११ कि.मी. खण्डमा लेन्थ बर्कर राखी नियमित मर्मत सुधार भइरहेको, चर्के भत्केको घरहरूको थप वस्तुस्थिति अध्ययन गरी क्षतिपूर्ति दिने कार्य प्राय: सम्पन्न भएको छ ।

सिन्धु तथा स्याल्युम सुरुङ्ग प्रवेश मार्ग निर्माणको लागि निर्माता कम्पनी सिसिआईसिसि (शर्मा लामा) जेभी (CSL) संग २५ जनवरी २००५ मा ठेक्कापट्टा सम्झौता भएकोमा ३१ मे २००७ मा निर्माणकार्य सम्पन्न भएको थियो । उक्त ठेक्कापट्टाको Defect Liability Period (DLP) ३१ मे २००८ मा सम्पन्न भई निर्माता कम्पनी CSL लाई Defect Liability Certificate Issue गरिएको छ । उक्त सुरुङ्ग मार्ग हाल मेलम्ची खानेपानी विकास समितिकै नियमित रेखदेखमा रहेको छ ।

सुन्दरीजल सुरुङ्ग प्रवेश मार्ग निर्माणाधिन अवस्थामा रहेको छ ।

भौतिक पूर्वाधार तथा संरचना निर्माणका अन्य उल्लेख्य कार्य विवरण पेज न. १९ मा उल्लेख गरिएका छन् ।

२.१.१ सुरूङ्ग मार्ग तथा हेडवर्क्स निर्माण

सन् २००१ देखि नै आयोजनाको संस्थागत संरचना अन्तर्गत सुरुङ्ग मार्ग तथा हेडवर्क्स निर्माण गरिने भनिएको थियो । जसमा २० कि.मि. नर्वे सरकारले खन्ने र बांकी ६.५ कि.मि. ए.डी.बी.ले खन्ने भनिएकोमा सन् २००१ बाट २००६ सम्म पनि काम गर्ने वातावरण सृजना हुन नसक्दा बहिरगमन (phase out) गरी हिंडेको अवस्थाले सुरुङ्ग निर्माणको काममा निश्चितता आउन सकेन । यसैले मेलम्ची खानेपानी आयोजनाको मुख्य निर्माण कार्य भनेको सुरुङ्ग निर्माण कार्य (२६.५ कि.मि.) हो । जुन वर्षौंदेखि अल्किरहेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चासो र सबैत्र आशाको त्यान्द्रोमा अड्किएको विषय थियो । जसको फलस्वरूप यहि मिति २००८ फेब्रुअरी ८ (२०६४ माघ २५) मा मेलम्ची खानेपानी आयोजनाको लागि ए.डी.बी.को ऋण निश्चितता भए पश्चात सुरुङ्ग निर्माण गर्नको लागि आधार स्तम्भ तयार भयो । पूर्व योग्यता निर्धारण भएका ७ अन्तर्राष्ट्रिय निर्माण कम्पनीहरूको Bid बिक्रि गर्ने कार्य १७ फेब्रुअरी २००८ देखि भएको हो । हेडवर्क तथा सुरुङ्ग निर्माणको लागि प्रथम पटक प्रकाशित काठमाडौं पोष्टमा ए.डी.बी. लोन नं. १८२० NEP (SF) Contract No. MDS/DT/01 को लागि मिति सन् २००६ नोभेम्बर १७ मा Pre-qualificaton (PQ) को सूचना प्रकाशित गरिएको थियो । पर्न आएको २० निवेदकमध्ये ७ वटा कम्पनीहरु Pre-Qualified भए । मिति २००७ डिसेम्बर २० मा Pre-Qualified भएका ७ फर्महरुलाई छनौट भएको जानकारी दिइएको थियो । माथि उल्लेखित ७ कम्पनीहरू मध्ये ६ वटा कम्पनीहरूले ठेक्का-पट्टा सम्बन्धि Bid खरिद गरेकोमा ४ वटा कम्पनीले टेण्डर पेश गरेका थिए । उक्त चार कम्पनीहरूमा CWE-XBCC Joint venture, COVEC, CRCC-CMIIC Joint Venture र TRANSTECH चार वटै चाइनिज कम्पनीहरूबाट मिति २ मे २००८ मा Bid प्राप्त हुन आएको थियो । प्राप्त हुन आएको टेण्डरहरूको आर्थिक तथा प्राविधिक प्रस्तावहरू मूल्याङ्कन गर्नको लागि समिति र उप समिति निर्माण समेत गरिएको छ । उक्त मूल्याङ्कन समितिको विवरण यस प्रकार छन् ।

समिति

१. श्री पूर्णदाश श्रेष्ठ, संयोजक (उप-कार्यकारी निर्देशक)
२. श्री नरेन्द्र बराल, सदस्य (इन्जिनियरिङ्ग युनिट चिफ)
३. श्री भगिरथ पाण्डे, सदस्य (वित्त तथा लेखा युनिट चिफ)
४. श्री सुदर्शन भण्डारी, सदस्य-सचिव (प्रोकुर्मेन्ट युनिट चिफ)
५. श्री सकुन्तला थापा, सदस्य (वरिष्ठ कानुन विद)

उपसमिति

१. श्री दिनकर शर्मा (संयोजक), उप-महानिर्देशक, सडक विभाग
२. Mr. Chris Tolley (सदस्य), टोली प्रमुख, व्यवस्थापन परामर्शदाता
३. Mr. John Cooper (सदस्य), टनेल विज्ञ, व्यवस्थापन परामर्शदाता
४. Mr. Wolf Gang Benschsmith (सदस्य), टनेल विज्ञ, अनुगमन परामर्शदाता

उक्त समितिबाट मूल्याङ्कन भई आएको प्रतिवेदन ए.डी.बी.मा (no objection) का लागि पठाइएको छ । यसरी दुई वर्षसम्म रोकिएको सुरुङ्ग निर्माण कार्यलाई चुस्त रूपमा अघि बढाउन यही वर्षबाट वातावरण सहज भएको छ । उक्त सुरुङ्ग निर्माणको लागि मेलम्ची खानेपानी आयोजनाले ए.डी.बी.बाट ६०.६ मिलियन यु.एस.डलर ऋण प्राप्त गरेको छ । सुरुङ्ग निर्माण गर्दा उत्पन्न हुन्ने माटोलाई व्यवस्थित गर्न जग्गा अधिग्रहण गर्ने कार्य समेत प्रारम्भ गरिएको छ ।

माथि उल्लेखित सुरुङ्ग कार्य डिजाइन तथा सुपरिवेक्षण परामर्शका लागि Poyry Infra AG फिनलैण्डको फर्मसंग सम्झौता गर्ने क्रममा २०६४ पौष ३० गतेदेखि माघ ४ सम्म नेपाल आएको Fact Finding Mission संग समेत परामर्श सोही अनुसार Draft Agreement को कागजात तयार गरी यही २०६५ आषाढ २६ गते सम्झौता समेत सम्पन्न गरिएको छ । उक्त कार्यका लागि १०.५ मिलियन यु.एस.डलर खर्च हुनेछ र उक्त खर्च नर्डिक विकास फण्डबाट प्राप्त हुन आएको ऋण अन्तरगत हुनेछ । सो कार्यको प्रशासनिक तथा प्राविधिक क्रियाकलापहरूमा ए.डी.बी.बाट समेत रेखदेख पुऱ्याइने व्यवस्था मिलाइएको छ ।

सन् २००२ देखि आयोजनामा देखा परेका विविध समस्याहरूले गर्दा गरिएको यस कार्य गरु आ.व. मा सम्पन्न गरिएको ट्रेन्च र्यम्पलाई आयोजना सञ्चालनका लागि यस आ.व.मा भएको एउटा उल्लेखनीय प्रगतिको रूपमा लिन सकिन्छ। पनसरचनाका नीति पछि माथि उल्लेखित प्रकृया र कार्य प्रारम्भका गतिविधिलाई एक उल्लेखनीय र वर्षौदेखि अल्किएको सुरुङ्ग मार्ग निर्माण गर्ने कार्यको ठेक्का पट्टा यसै वर्षमा टुङ्गयाइएकोले यस आ.व. लाई आयोजनाकै एउटा ऐतिहासिक क्षणको रूपमा लिन सकिन्छ। सुरुङ्ग मार्गको संरचना निर्माण गर्दा सर्वप्रथम सुरुङ्गको मुहानमा स्टील ब्रीज बनाइनेछ र बालुवा थिग्राउने र पानी फर्काउन जम्मा एक मिटर उचाइको ड्याम बनाइनेछ। सो कार्य गर्नका लागि खोलालाई फर्काई अस्थायी सुरुङ्ग बनाइनेछ। सुरुङ्गको आकार घोडाको खुरको उल्टा आकार (Inverted Horse Shoe) को हुने र 12.7 m^2 cross sectional area भएको हुनेछ।

२.१.२ मेलम्ची डाइभर्सन स्किम

यस स्किम अन्तर्गत आयोजनाका संरचनाहरू जस्तै मेलम्ची खोलामा मुहान निर्माणको लागि रिबर्मामा पानी फर्काउने जलाशयरहित सानो बाँध, रिबर्मादेखि सुन्दरीजलसम्म करिब २६.५ किलोमिटर लामो सुरुङ्ग, मेलम्ची पुलबजारदेखि टिम्बुसम्म १० वटा पुल समेतको १८ कि.मि. लामो मुख्य प्रवेशमार्गको निर्माण, ४ वटा सुरुङ्ग प्रवेशमार्गहरू (सुन्दरीजल, सिन्धु, ग्याल्थुम र अम्बाथान) गरी जम्मा २४ कि.मि., जोरपाटीदेखि सुन्दरीजल र लामीडाँडादेखि मेलम्ची पुलबजारसम्मको सडक स्तर उन्नति गर्ने कार्य सुरुङ्ग निर्माणको लागि पुर्वाधार तयार गर्ने कार्य भएको छ।

२.१.३ पानी प्रशोधन केन्द्र

मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग मार्गबाट दीर्घकालीनरुपमा प्राप्त हुने ५१ करोड लिटर पानी प्रशोधन क्षमता भएको पानी प्रशोधन केन्द्र सुन्दरीजलको महाकाल फाँटमा निर्माण गर्ने डिजाइन इष्टिमेट तयार भएको छ। सो प्रशोधन केन्द्र निर्माणका लागि आवश्यक २०० रोपनी जग्गा (१३३ कित्ता) प्राप्त गर्नु पर्नेमा १७३.७७ रोपनी (११७ कित्ता) जग्गाको लालपुर्जा यस आयोजनाले प्राप्त गरिसकेको र बाँकि जग्गा अधिग्रहणको क्रममा छ। साथै निर्माणाधिन अवस्थामा रहेको सो स्थानसम्म जाने प्रवेश मार्ग आगामी डिसेम्बर २००८ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। उक्त पानी प्रशोधन केन्द्र निर्माणका लागि Japan Bank for International Corporation (JBIC) बाट ५० मिलियन डलर ऋण प्रदान गरी निर्माण कार्य गर्ने हो तर हाल आएर October 1, 2008 बाट JBIC नरहेर JICA मा परिणत हुनेछ। सो बमोजिम कार्य अगाडि बढ्नेछ।

सुरुङ्गबाट ल्याइने पानीलाई पहिलो चरणमा १७ करोड र दोस्रो तथा तेस्रो चरणमा क्रमश १७/१७ करोड पानी प्रशोधन गरी जम्मा ५१ करोड लिटर प्रतिदिन क्षमताको प्रचलित आधुनिक शैलीको (Conventional Water Treatment Plant) पानी प्रशोधन केन्द्रको निर्माण गरिने छ। NJS Consultant, Japan को डिजाइन अनुसार पानी प्रशोधन केन्द्रमा केमिकल फ्लोकुलेसन, सेडिमेन्टेसन, फिल्ट्रेसन, क्लोरिनेसन आदि प्रक्रियाहरू अपनाई विश्व स्वास्थ्य सङ्गठन (WHO) ले तोकेको मापदण्ड अनुसार पानी प्रशोधन गरिने छ।

उक्त प्रशोधन केन्द्रको ठेक्का-पट्टा गर्ने प्रकृया सन् २००९ को जनवरी महिनाको शुरुबाटै प्रारम्भ गरिने र प्रशोधन केन्द्रमा निम्न संरचनाहरू निर्माण समेत गरिने छन्।

१. प्रशोधित पानी भण्डार गर्ने पोखरी
२. पानीलाई थेग्राउने संरचना तथा थेग्रो सुकाउने क्षेत्रहरू
३. भण्डारण तथा प्रशासनिक भवन निर्माण

३

सामाजिक तथा वातावरणीय कार्यक्रमहरू

३.१ वातावरणीय व्यवस्थापन कार्यक्रम

पूर्वाधारहरू निर्माण हुँदा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न नेपाल सरकारको वातावरण संरक्षण ऐन २०५४ र नियमावली २०५५, एशियाली विकास बैंक तथा अन्य दातृ संस्थाको नीति अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएका छन् । उक्त प्रतिवेदन नेपाल सरकार तत्कालीन जनसंख्या तथा वातावरण मन्त्रालय र दातृ संस्थाबाट स्वीकृत भई कार्यान्वयन भइरहेको छ । वातावरणीय व्यवस्थापन कार्यक्रम, वातावरणीय प्रभाव सम्बन्धी अनुगमन प्रभावकारी हुने आशयले तेस्रो पक्षीय अनुगमन प्रणालीको व्यवस्था अपनाउन यस कार्यक्रम कार्यान्वयन गरिएको हो ।

वातावरण व्यवस्थापन कार्यक्रमले ध्वनी, धुँवा, धुलोले पर्यावरणमा पर्ने असर न्यूनीकरण गर्ने, पानीको गुणस्तर विश्लेषण गरी अभिलेख राख्ने, माछाको नमूना सकलन गरी प्रकार र संख्याको अभिलेख राख्ने, माछाको नर्सरी स्थापना गर्ने, नदिको कटान र पहिरो रोकथाम, वृक्षारोपण, मुहान संरक्षण जस्ता विविध कार्य गर्नेछ ।

मेलम्ची उपत्यकाबासीहरूलाई वैकल्पिक रोजगारका निम्ति विभिन्न तालिम, सेमिनार, गोष्ठी सञ्चालन गर्दै आइरहेको छ । आयोजना सञ्चालन गर्दा आवश्यक कामदार मध्ये दक्षताको आधारमा ३०% स्थानीय व्यक्तिहरूलाई रोजगारी दिनुपर्ने व्यवस्था छ । सिंचाईमा प्रतिकुल असर नपरोस भन्ने हेतुले मेलम्ची मुहानमा न्युनतम ०.४ घ.मि. प्रति सेकेण्ड पानी छाडिए पछि मेलम्ची खोलामा अन्य खोला मिसिने छन् । त्यसैले खोलाको जलचर र वातावरणीय संरक्षणको स्तर सन्तोषजनक अवस्थामा रहने छ । आयोजनाले वातावरण व्यवस्थापन योजना समेत तयार गरेको छ । आयोजनासंग काम गर्ने ठेकेदारहरूले आ-आफ्नो वातावरण कार्यक्षेत्र अन्तर्गत व्यवस्थापन योजना, स्वास्थ्य र सुरक्षा योजना जस्ता दस्तावेजहरू बनाई लागु गरिएको छ । स्वीकृत दस्तावेजहरूमा उल्लेख बुंदाको पालन भए/नभएको अनुगमन परामर्शदाता (ईन्जिनियर)ले गर्ने व्यवस्था छ ।

३.२ सामाजिक उत्थान कार्यक्रम

डाइभर्सन स्कीमको निर्माण तथा सञ्चालनबाट मेलम्ची उपत्यकाबासीको सामाजिक तथा आर्थिक क्याकलापमा पर्न सक्ने प्रत्यक्ष एवं परोक्ष प्रतिकुल प्रभावलाई न्यूनिकरण गर्न र दीर्घकालीन रूपमा जीवनस्तर उकास्न, आयोजनाबाट हुने फाइदाहरूको निश्चितता दिलाउन र मौजुदा जीवनस्तरबाट खस्कन नदिने उद्देश्यले सामाजिक उत्थान कार्यक्रम (साउका) लागु गरिएको छ । यो कार्यक्रम एक विशुद्ध सामाजिक विकास कार्यक्रम हो । यो आयोजनाको कार्यक्रम निर्माण पूर्व, निर्माणवस्था र निर्माण पश्चात गरी तीन चरणमा सञ्चालन गरिने छ । आयोजनाबाट प्रभावित हुने १४ वटा गा.वि.स.हरूमा शिक्षा, स्वास्थ्य, आय-आर्जन तथा सामुदायिक विकास र मध्यवर्ती क्षेत्र विकास कार्यक्रम जस्ता महत्वपुर्ण कार्यक्रमहरू समावेश गरिएका छन् । सामाजिक उत्थान कार्यक्रममा हाल देखिएका समस्यालाई स्थानीय स्तरमै समाधान गर्ने अयोजना निर्माणका क्रममा आइपर्ने समस्या समाधान गर्न सहयोग पुऱ्याउन यसको अग्रणी भूमिका रहने र स्थानीय जनतालाई आफ्नै अग्रसरतामा रकम खर्च गर्ने व्यवस्था मिलाइएको छ । जसको लागि **ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालक समिति** गठन समेत गरिएको छ ।

३.३ पुनर्संरचित सामाजिक उत्थान कार्यक्रमको संगठनात्मक स्वरूप



३.४ सामाजिक उत्थान कार्यक्रमका कार्यक्षेत्रहरू

३.४.१ शिक्षा

शिक्षासँग सम्बन्धित विविध क्षेत्र विशेषतः शैक्षिक अवस्थामा सुधार गर्दै स्तरीय शिक्षा प्रदान गर्न यस कार्यक्रमले सहयोग पुऱ्याउँदै आएको छ ।

उद्देश्यहरू

- शैक्षिक योजना तर्जुमा एवं कार्यान्वयनमा जनसहभागिताको प्रत्याभूति गर्ने ।
- निर्माण चरणमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक सीप विकासका तालिमहरू ।
- प्रौढ शिक्षाको माध्यमबाट साक्षरता अभिवृद्धि/अनौपचारिक शिक्षा ।
- आयोजना सम्पन्न पश्चात समेत शैक्षिक सुविधा एवं स्तरलाई सुधार गर्ने ।
- महिला अधिकार र जागरणसम्बन्धी कार्यक्रम ।
- बाल सरोकार एवं अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम तथा बाल समूहलाई सहयोग गर्ने ।
- अति असहाय/दीनदुःखी तथा विपन्नवर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान ।
- शैक्षिक गुणस्तर विकासको लागि शिक्षक तालिम ।
- शिक्षण संस्थाहरूलाई भौतिक सुविधा सहयोग ।

३.४.२ स्वास्थ्य

स्थानीय प्रभावित जनताको स्वास्थ्य स्थितिमा सुधार गरी जीवनस्तर उकास्ने र स्थानीयस्तरका स्वास्थ्य संस्थाको भौतिक अवस्था सुदृढ गर्न स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएका छन् । कार्यक्रम स्थानीय जनता, स्वास्थ्य क्षेत्रका सरकारी निकायहरू, स्थानीय निकाय तथा अन्य गैरसरकारी संस्थाहरूसंगको छलफल, अन्तरक्रिया, गोष्ठीबाट प्राप्त सुझाव, सूचना, सल्लाह र समन्वयमा स्थानीय समुदायको आवश्यकता र प्राथमिकताका आधारमा कार्यक्रम संचालन गरिएको हो ।

उद्देश्यहरू

- स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी जनचेतना जगाई सरूवा र अन्य रोगहरूमा कमी ल्याउने ।
- स्वास्थ्य कार्यकर्ताहरूलाई आवश्यक तालिमको व्यवस्था गरी गुणात्मक स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्ने ।
- एड्स, यौनरोग तथा अन्य प्राणघातक रोगहरू सम्बन्धी व्यापक प्रचार प्रसार गरी सोमा कमी ल्याउने ।
- बाल स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।
- परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन टेवा पुऱ्याउने ।
- स्थानीयस्तरका गैर सरकारी संस्थाहरूलाई परिचालन गराई जनताको जीवनस्तर उठाउने ।
- स्वास्थ्य केन्द्र/संस्थाको भवन निर्माण/मर्मत तथा पूर्वाधार सुधार र अत्यावश्यक औषधीहरू प्रदान गर्ने ।

३.४.३ आयआर्जन तथा सामुदायिक विकास

मेलम्ची डाइभर्सन योजनाको कारणले जनतामा पर्न जाने प्रभावलाई न्यूनीकरण गर्दै सकारात्मक प्रभाव पार्नको लागि यो कार्यक्रम सुरू भएको हो । व्यक्तिगत तथा सामाजिक व्यवस्थापनका साथै दिगो आय आर्जनका सीपहरूको विकास गर्न सहयोग पुऱ्याउन यो कार्यक्रम जिबिस/स्थानीय विकास कोष तथा अन्य निकाय संगको समन्वयमा संचालन भैरहेको छ ।

उद्देश्यहरू

- महिला, पुरूष र मिश्रित सामुदायिक संस्थाहरूको गठन गर्ने ।
- प्राविधिक तथा सीपको प्रयोग गरी बचत अभिवृद्धि गर्ने ।
- सामाजिक परिचालनको माध्यमबाट मेलम्ची उपत्यकाबासीको आर्थिक तथा सामाजिक जीवनोत्थान गर्ने ।

३.४.४ मध्यवर्ती क्षेत्र विकास

मध्यवर्ती क्षेत्र खासगरी हेलम्बु, इचोक र किउल गा.वि.स. का केही भागमा जनसंख्याको चापबाट पर्न सक्ने असरलाई न्यूनीकरण गर्नुका साथै प्राकृतिक क्षेत्र र वातावरणलाई संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम लागु गरिएको हो ।

उद्देश्यहरू

- राष्ट्रिय निकुञ्जबाट संचालित कार्यक्रमलाई टेवा पुऱ्याउने ।
- हेलम्बु क्षेत्रको पर्यटकीय महत्वलाई विकास एवं प्रवर्द्धन गर्ने ।
- यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्नमा सहयोग गर्ने ।
- सास्कृतिक सम्पदाको संरक्षण गर्नमा सहयोग गर्ने ।
- वातावरणीय सन्तुलन कायमा राख्न विभिन्न कार्यक्रम संचालन गर्ने ।
- जनचेतना एवं सीप विकास सम्बन्धी विभिन्न तालिम दिने ।

३.४.५ ग्रामीण विद्युतीकरण/ग्रामीण भौतिक पूर्वाधार विकाश

मेलम्ची आयोजनाबाट प्रभावित गा.वि.सहरूका समुदायलाई व्यवसायिक अवसर श्रृजना, विद्यालय तथा स्वास्थ्य चौकीलाई समेत सहयोग पुग्ने र स्थानीय बासिन्दाका जीवन ढुकिको युगबाट मुक्त गराउन यो कार्यक्रम ल्याइएको छ। प्रभावित क्षेत्रमा अत्यधिक समुदायलाई समेट्ने गाउं सामुदायिक समितिले आफ्नो पहलमा प्राकृतिक श्रोत र साधनलाई प्रतिकूल प्रभाव नपर्ने गरी जनश्रम परिचालनका आधारमा यस कार्यक्रम लागु गरिएको छ।

उद्देश्यहरू

- स्थानीय विद्युत आवश्यकता पहिचान गर्ने।
- ग्रामीण विद्युतीकरण उपभोक्ता समिति गठन गर्ने।
- समुदाय परिचालन गराउन सरकारी/गै.स.स. छनौट गर्ने।
- नेपाल विद्युत प्राधिकरण वा अन्य संस्थासंग समन्वय गरी सामाजिक परिचालन एवं कार्यक्रम संचालन गर्ने।

माथि उल्लेखित सामाजिक तथा वातावरणीय शीर्षकको प्रगति विवरणहरू पेज नम्बर २२, २३, २४, २५ मा प्रस्तुत गरिएका छन्।

४ मुआब्जा तथा क्षतिपूर्ति व्यवस्था

४.१ पुनर्वास कार्ययोजना

आयोजनाका विभिन्न अवयव निर्माणका लागि आवश्यक पर्ने मेलम्ची र काठमाण्डौ उपत्यकाका जग्गा तथा अन्य संरचनाहरू स्थायी रूपमा ६०% र अस्थायी रूपमा करीब ४०% प्राप्त गर्नु पर्ने आवश्यकता छ । निर्माण कार्य गर्दा मुख्य प्रवेश मार्ग, अडिट प्रवेश मार्ग, विद्युत प्रसारण लाइन, पानी प्रशोधन केन्द्र, पानी पोखरी, पाइपलाइन बिछ्याउने, कामदार बासस्थान क्षेत्र, खानी क्षेत्र, ढुङ्गामाटो तह लगाउने ठाउं आवश्यक पर्छ । यसबाट प्रभावित हुने क्षेत्रहरूमा काठमाण्डौ ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक गरी ५ जिल्लाका ५३ गा.वि.स., एक महानगरपालिका, एक उपमहानगरपालिका, ३ नगरपालिका पर्दछन् । प्रारम्भिक सर्वेक्षण अनुसार आयोजना निर्माण कार्य सञ्चालनबाट करीब ३५०० रोपनीको भू-उपयोगमा दीर्घकालीन र अल्पकालीन रूपमा प्रभाव पर्न सक्छ । निर्माण क्रममा निजी तथा सामुदायिक सम्पत्ति (घर, जग्गा, गोठ, पानी घट्ट, कुलो आदि) को नोक्सानीलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने तथा स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा पर्न सक्ने प्रतिकूल असरलाई कम गर्ने उद्देश्यले यस खानेपानी आयोजनाको लागि नेपाल सरकारले विशेष क्षतिपूर्ति तथा पुनर्वास नीति तयार गरी कार्यान्वयन गरिरहेको छ । नीतिले अन्य व्यवहारिक पक्षलाई समेत दृष्टिगत गरी वप प्रकारका क्षतिपूर्तिको व्यवस्था गरेको छ । यस कार्यक्रमले क्षतिपूर्ति निर्धारण र भुक्तानि गर्ने, जग्गा प्राप्ति र मुआब्जा निर्धारण गरी वितरण गरिने, पुनर्वाससंग सम्बन्धित line agencies संग समन्वय गर्ने गराउने । पुनर्वास नीतिको कार्यान्वयन पक्ष हेर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता कार्य गर्दछ । घर अधिग्रहणमा पर्नेहरूलाई विस्थापन भत्ता दिने प्रावधान पनि रहेको छ । आयोजनाको लागि आवश्यक सम्पूर्ण जग्गा जमिन आदिको मुआब्जा, क्षतिपूर्ति सरकारको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने छ । २५% भन्दा कम जग्गा अधिग्रहणमा पर्ने परिवारलाई प्रभावित मानिन्छ साथै आयोजनाले घर तथा २५% भन्दा बढी जग्गा अधिग्रहणमा परेका परिवारलाई आयोजनाबाट अति प्रभावित १४ गा.वि.स.का गरिब, असहाय, पिडित परिवारलाई न्यून स्तर भएका परिवारको रूपमा पहिचान गरी १८ वर्ष भन्दा माथिका एक जनालाई स्वरोजगारका लागि आधारभूत तालिम दिने व्यवस्था पुनर्वास नीतिमा गरिएको छ ।

४.२ तालिमको व्यवस्था

मेलम्ची खानेपानी आयोजनाले घर तथा २५% भन्दा बढी जग्गा अधिग्रहणमा परेका परिवार र आयोजनाबाट प्रभावित १४ गा.वि.स. का गरिब, असहाय, पीडित परिवारलाई आयोजनाबाट अति प्रभावित परिवारको रूपमा पहिचान गरी अति प्रभावित परिवारका १८ वर्ष भन्दा माथिका एक जनालाई स्वरोजगारका लागि आधारभूत तालिम दिने व्यवस्था पुनर्वास नीतिमा गरिएको छ ।

४.३ स्थानीय रोजगारी

आयोजनाका अन्तर्राष्ट्रिय निर्माण ठेकेदारहरूलाई निर्माणको क्रममा आवश्यक पर्ने कामदारमध्ये कामको प्रकृति अनुरुप ३० प्रतिशत कामदार स्थानीय व्यक्तिहरूबाट राख्नु पर्ने प्रावधान ठेक्का शर्तमा बाध्यात्मक व्यवस्था गरी स्थानीय रोजगारीलाई प्रोत्साहन गरिएको छ । स्थानीय प्रभावित जनता आयोजनाको निर्माण कार्यमा रोजगारी पाउन सक्षम होउन् तथा दीर्घकालीन रूपमा समेत रोजगार पाई आयस्तरमा सुधार हुन सकोस् भन्ने उद्देश्यले विभिन्न सीपमूलक तालिम समेत दिने कार्यक्रम रहेको छ ।

५ संस्थागत सुधार

५.१ आयोजनाको नयाँ संरचना

लामो समयदेखि आयोजना सञ्चालनमा भएका ढिला-सुस्ती तथा चुनौतिहरूलाई अति चुस्त तथा सहज रूपमा अगाडि बढाउन यस आ.व. देखिने व्यवस्थापन पुनर्संरचना निम्नानुसार बिभाजन गरी कार्यान्वयन गरिएको छ।

मेलम्ची खानेपानी विकास समिति

१. मेलम्ची डाइभर्सन स्किम

क. प्रवेशमार्गहरू

ख. क्याम्प, बाँध, सुरूङ

ग. पानी प्रशोधन केन्द्र

२. सेफगार्ड

क. पुनर्वास

ख. वातावरण

ग. सामाजिक उत्थान कार्यक्रम

घ. जनसम्पर्क कार्यक्रम

३. पानी प्रशोधन केन्द्र, सुन्दरीजल

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

१. वितरण प्रणाली सुधार

२. मौजुदा पानी प्रशोधन केन्द्रहरू सुधार

३. पानी पोखरी सुधार विस्तार

५.१.१ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

ए.डी.बी.ले राखेको पूर्व शर्तअनुसार निजी क्षेत्रको व्यवस्थापनलाई नियुक्ति गरिनु पर्ने मान्यताको आधारमा पुनर्संरचना नीति अनुरूप संस्थागत सुधार अन्तर्गत काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड गठन गरिएको छ। यस बोर्डले नेपाल खानेपानी संस्थानको काठमाडौं उपत्यकाभित्रको सम्पूर्ण सम्पत्ति र दायित्वको जिम्मा मिति २०६४ फागुन १ बाट लिएको हो। सेवा नीतिको विकास तथा सुपरिवेक्षण, आयोजना अन्तर्गत निर्माण हुने संरचनाको जिम्मा, उपत्यकामा खानेपानी तथा ढल निकास व्यवस्थापन गर्ने नीति तथा योजनाको तर्जुमा, आर्थिक स्रोतको व्यवस्था, उपभोक्तासंग महशुल असुल गराउने कार्य यस बोर्डको हुनेछ। प्राप्त सम्पत्ति र दायित्व काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई ३० वर्ष लिज करारमा संचालन गर्न जिम्मा दिइएको छ। खानेपानी सेवा संचालकलाई यस बोर्डबाट दिइने अनुमति पत्रमा प्रदान गर्नुपर्ने सेवामा स्तर, सम्पत्तिको व्यवस्थापन, अनुमति पत्रानुसार तिर्नुपर्ने शुल्क आदिबाट स्पष्ट शर्तहरू उल्लेख गरी सम्झौता हुनेछ।

५.१.२ काठमाडौं उपत्यका खानेपानी लिमिटेड

यसका लागि ३ वटा अलग अलग ऐनहरू निर्माण गरिएका छन्।

- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन ऐन
- नेपाल खानेपानी संस्थान संशोधन ऐन र
- खानेपानी महशुल निर्धारण आयोग नियमावली

उल्लेखित ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने ४ वटा नियमावलीहरू

- नेपाल खानेपानी नियमावली र विनियमावली र
- महशुल निर्धारण आयोग नियमावली

यसरी उपरोक्त नियमावली तर्जुमा गरी स्वीकृत गराई यस लिमिटेडको प्रबन्धपत्र नियमावली, आर्थिक नियमावली, कर्मचारी प्रशासन बोर्डबाट सेवा करारमा लिई तोकिएको मापदण्ड अनुसारको सेवा उपभोक्तालाई उपलब्ध गराउने जिम्मा २०६४ फागुन १ गते बाट लिएको हो। यस कम्पनीलाई रू ३ करोड अनुदान उपलब्ध गराइएको छ। उपत्यकाको खानेपानीको परिमाण र गुणस्तर बृद्धि गरी खानेपानी आपूर्ति व्यवस्थालाई नियमित गरी खानेपानी महशुलमा समायोजन गर्ने निर्णय समेत भएको छ।

५.१.३ खानेपानी महशुल निर्धारण आयोग

खानेपानी महशुल निर्धारण आयोग गठन भई ३ सदस्यीय महशुल निर्धारण समिति गठन भइसकेको छ। खानेपानी सेवा भरपर्दो र गुणस्तरीय रूपमा उपलब्ध गरिएको छ/छैन अनुगमन गरी प्रत्याभूति दिने, आवश्यक नीति र कार्यविधि तथा महशुल निर्धारण मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्ने काम यस आयोगको हुनेछ।

सेफ गार्ड युनिट

सामाजिक प्रभाव न्यूनिकरण गर्नकालागि सामाजिक उत्थान कार्यक्रम एवं वातावरणीय प्रभाव न्यूनिकरण गर्ने जस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा समुदायको सहभागिता रहेको हुंदा यसले आयोजनाको निर्माण कार्यहरूमा सहयोग पुऱ्याउने उद्देश्यले सामाजिक सुरक्षा इकाई वर्तमान संरचनाको एउटा प्रमुख इकाइको रूपमा रहेको छ।

सेफगार्ड युनिटले सामाजिक उत्थान कार्यक्रम अन्तर्गत पर्ने कार्य क्षेत्रहरू – वातावरण व्यवस्थापन कार्यक्रम, पुनर्वास कार्ययोजना, जनसम्पर्क र गुनासो व्यवस्थापन कार्यक्रम, लेखा तथा वित्तिय व्यवस्थापन कार्यक्रमहरूको अनुगमन, प्रकृया अनुगमन, वित्तिय अनुगमन, कर्मचारी अनुगमन जस्ता विविध पक्षहरूमा नियमित अनुगमन गर्नेछ। नियमित कार्यान्वयन गर्न लक्षित उद्देश्य हासिल गराउन र यस युनिटलाई सहयोग गर्न गै.स.स. ह्योल्मो, सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समिति हुनेछ। अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरी कार्यक्रमलाई व्यवहारिक रूपमा रूपान्तरण गर्ने व्यवस्था पुनर्संरचनाको नीति अनुसार हुने भएको छ।

पुनर्संरचित सेफगार्ड युनिटको संगठनात्मक स्वरुप यस प्रकार छ।



चित्र : सेफगार्ड युनिट र आयोजनाको अन्य युनिटहरूको संगठनात्मक स्वरुप

७ आयोजनाका लागत तथा आर्थिक स्रोत

७.१ आयोजनाको प्रारम्भिक लागत तथा श्रोत

आयोजना सञ्चालन तथा सम्पन्न गर्ने उद्देश्य ले सर्वप्रथम सन २००२ मा आयोजनाको विस्तृत अध्ययन तथा डिजाइन गरी आयोजनाको प्रारम्भिक लागत भएको थियो । सो बमोजिम आयोजनाको प्रारम्भिक लागत जम्मा ४६४ मिलियन यु.एस. डलर रहेको थियो । सो लागत अनुसार श्रोत जुटाउन निम्नानुसारका दातृ निकायहरूको संलग्नता बाँडफाँड समेत गरिएको थियो ।

क्र.सं	दातृ संस्था (सन् २०००)	रकम (मिलियन यु.एस.डलर)	प्रतिशत	अवस्था
१	एसियाली विकास बैंक	१२०.००	२५.९०	निरन्तर रहेको
२	नेपाल सरकार	११८.००	२४.४०	निरन्तर रहेको
३	विश्व बैङ्क	८०.००	१७.२०	कार्यान्वयन नभएको
४	जेबिक (जापान)	५२.००	११.२०	निरन्तरता
५	नोराड	२८.००	६.००	बहिरगमन भएको
६	सिडा	२५.००	५.४०	बहिरगमन भएको
७	जापान सरकार	१८.००	३.९०	सम्पन्न भएको
८	ओपेक	१४.००	३.००	सम्पन्न भएको
९	एन डि एफ	९.००	१.९०	२०६९ सम्म थप
	जम्मा	४६४.००	१००	

७.२ आयोजनाको संशोधित लागत तथा श्रोत

आयोजना सञ्चालनमा विभिन्न आरोह अवरोहलाई सामना गर्दै बहुप्रतिक्षित यस आयोजना परिधिभित्र प्राप्त श्रोतको पुनर्संरचना गरी निर्माण कार्य अगाडि बढाउन फेब्रुअरी ८, २००८ मा ए.डी.बी. सहमत भएकोले मेलम्ची उपत्यका सब-प्रोजेक्ट १ को लागि २४९.४ मिलियन यु.एस.डलर र काठमाडौं उपत्यका सब-प्रोजेक्ट २ को लागि ६७.९ मिलियन यु.एस.डलर गरी जम्मा ३१७.३ मिलियन यु.एस.डलरको संशोधित लागत अनुमान रहेको छ। जस अनुसार प्राप्त श्रोत र संरचनाहरुको विवरण निम्न अनुसार रहेको छ।

दातृ संस्था	रकम (मिलियन यु.एस.डलर)	प्रतिशतमा	मेलम्ची उपत्यका	काठमाण्डौ भ्याली (के.यु.के.एल)
एशियाली विकास बैंकको ऋण	१३७	४३.००	१०३.८	३३.२
जेबिकको ऋण	४७.५	१५.३०	४७.५	-
जाइका अनुदान	१८.०१	०५.७०	-	१८
ओपेक ऋण	१३.७	०४.४०	१३.७	-
नर्डिक विकास फन्ड ऋण	१०.४५	०३.३०	१०.५	-
नेपाल सरकार	९०.६४	२८.६०	७३.९	१६.७
जम्मा	३१७.३	१००.००	२४९.४	६७.९

त्यसैले पुनर्संरचना अनुसार यहि फेब्रुअरी ८, २००८ (माघ २५) गते फिलिपिन्सको मनिला स्थित मुख्यालयमा बसेको ए.डी.बी. बोर्ड बैठकले यस आयोजनाको लागि १३७ मिलियन यु.एस.डलर (९ अर्ब रूपैया) स्वीकृत गरेको छ। जुन निर्णयले सुरुङ्ग निर्माण कार्यमा गति लिने निश्चित भएको छ।

७.३ आयोजनाको विस्तृत लागत, कार्यक्षेत्र तथा श्रोत वाँडफाँड

यु.एस.डलर मिलियनमा

क्र सं	मेलम्ची उपत्यका	नेपाल सरकार	ए डी बी	जेबिक	जापान	एनडिएफ	ओपेक	जम्मा
१	सुरुङ र हेडवर्क्स	२५.४	६०.६			१०.५	-	९६.५
२	प्रवेश मार्ग	१५.१	९.२			-	१३.७०	३८
३	पानी प्रशोधन केन्द्र	१४.७	४६.३	-	-	-		६१
४	आयोजना व्यवस्थापन सहयोग	१५.४	१५.३			-	-	३०.७

५	सामाजिक उत्थान र वातावरण कार्यक्रम सहयोग	२.६	६.६			-	-	९.२
६	निर्माण अवधिको आई डि सी	०.८	१२.०	१.२		-	-	१४
	जम्मा	७३.९	१०३.७	४७.५		१०.५	१३.७	२४९.४
	प्रतिशत (%)	३०	४२	१९		४	५	१००

क्र सं	काठमाण्डौ उपत्यका	नेपाल सरकार	ए डी वी	जेबिक	जापान	एनडिएफ	ओपेक	जम्मा
१	डि एन आई/ विडिएस/ डब्लु एस एस आई	१३.५	२७					४०.५
२	काठमाण्डौ उपत्यकामा पानीको श्रोत	२.४			१८			२०.४
३	वातावरण व्यवस्थापन सहयोग	०.५	१					१.५
४	सामाजिक/ वातावरण सहयोग	०.४	१.४					१.८
५	आईडिसि		३.९					३.९
	जम्मा	१६.७	३३.२		१८			६७.९
	प्रतिशत (%)	२५	४९		२७			१००
	काठमाण्डौ र मेलम्ची दुवैको जम्मा	९०.८	१३७	४७.५	१८	१०.५	१३.७	३१७.३
	प्रतिशत (%)	२९	४३	१५	६	३	४	१००

८

आयोजनाको हालसम्मको खर्चको विवरण

८.१ आयोजनाको हालसम्मको खर्च

क स	प्रमुख कार्यहरू	वैदेशिक (रू. हजारमा)	नेपाल सरकार (रू. हजारमा)	जम्मा रू हजारमा (रू. हजारमा)
१	आयोजनाको कुल लागत	२५,३४,४५,००	८,६४३,५००	३३,९८८,०००
२	आयोजनाको आ व २०६४।६५ को अन्तसम्मको खर्च	२,८९६,७१०	१,५६३,२३२	४,४५९,९४२
३	चालु आ व २०६४।६५ को वार्षिक वजेट	४३६,२७०	३२९,५३०	७६५,८००
४	चालु आ व २०६४।६५ को खर्च	३६९,०९३	१७७,४४८	५४६,५४१

८.२ आ.व. २०६४/६५ को वार्षिक वजेट तथा प्रगति

आयोजना सञ्चालनको लागि आ.व. २०६४ र ६५ मा विभिन्न शीर्षकको लागि छुट्याईएको वजेट तथा आ.व. २०६४।६५ को अन्त्यसम्ममा भएको एकमुष्ट खर्चको विवरण निम्न अनुसार रहेको छ।

क स	प्रमुख कार्य	वजेट (हजारमा)	खर्च(हजारमा)	प्रगति (प्रतिशत)
१	मेलम्ची डाइभर्सन कार्य	५७३,३५०	४५०,४२८	७६.०२
२	थोक वितरण प्रणाली	३,१५०	३,२२१	१००
३	व्यवस्थापन सहयोग	८३,१५०	८२,२५४	९८.९२
४	सवारी साधन/कार्यालय सामान/सूचना प्रणाली	५,२००	२,७०२	५१.९६
५	जग्गा प्राप्ति/क्षतिपूर्ति	४५,०००	३५,४६९	७८.८२
६	प्रशासनिक खर्च	३६,८००	३२,१४०	८७.२४
	जम्मा	७६५,८००	६०६,१७८	७९.१६

मेलम्ची खानेपानी आयोजनाको हालसम्मको प्रगति

९.१ भौतिक पूर्वाधार तथा संरचना निर्माण

काठमाण्डौ उपत्यकावासीहरूलाई शुद्ध खानेपानी उपलब्ध गराइ स्वास्थ्यमा क्रमिक सुधार ल्याउने, उपत्यकाको खोला नदिनालामा हाल भइरहेको प्रदुषणको स्तर र नदीहरूको पर्यावरणमा सुधार गरिने, उपत्यकाको धार्मिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सुधार गर्ने, उपत्यकाको घट्दो भूमिगत जलश्रोतको अवस्थामा सुधार गर्ने जस्ता विविध उद्देश्य रहेका छन् । उपत्यकावासीको काकाकुल र हाहाकार अवस्थालाई दीर्घकालीन रूपमा खानेपानीको समस्या समाधान गर्ने उद्देश्य पूरा गर्न आयोजनाबाट प्रस्तावित कार्यक्रम अन्तर्गत निम्न कार्यहरू गरिने छ ।

भौतिक पूर्वाधार तथा संरचना निर्माण कार्य अन्तर्गत हालसम्म सम्पन्न भएका र निर्माणाधिन अवस्थामा रहेका कार्यहरू यस प्रकार छन् ।

- सिन्धु १५.४ कि.मी, ग्याल्धुम ४.२ कि.मी., सुरूङ्ग प्रवेश मार्ग निर्माण कार्य सम्पन्न भएको ।
- मेलम्ची पुलबजारदेखि टिम्बु सम्मको मुख्य प्रवेश मार्ग प्राय सम्पन्न भएको र सोमा पर्ने दश बटा पुल निर्माण सम्पन्न भएको ।
- लामिडांडा मेलम्ची पुलबजार सडक खण्डको चाखोलामा २५ मिटर लामो पुलको निर्माण कार्य सम्पन्न भएको छ ।
- सुन्दरीजल प्रवेश मार्गको १.६ कि.मी. निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।

महाँकाल गा.वि.स. स्थित ग्याल्धुम शुरूङ प्रवेश मार्ग

- गोकर्ण सुन्दरीजल सडक खण्डको स्तर उन्नती (पिच गर्ने) कार्य सम्पन्न भएको छ ।

- यस आयोजनाको पहिलो चरणको क्याम्प साइट निर्माण कार्य सम्पन्न भएको र दोश्रो चरणमा १ वटा गेष्ट हाउस सहित ७ वटा भवन निर्माण गरिने क्रममा रहेको छ ।

- सुरूङ निर्माण गर्नको लागि पूर्व योग्यता निर्धारण भएका सात अन्तर्राष्ट्रिय निर्माण कम्पनीहरू मध्ये ६ वटा कम्पनीहरूले ठेक्का पट्टा सम्बन्धि कागजात खरिद गरेकोमा ४ वटा कम्पनीहरूले टेण्डर पेश गर्ने अन्तिम मिति २ मे २००८ सम्म दाखिला गरेका टेण्डरहरूको आर्थिक तथा प्राविधिक प्रस्तावहरू मुल्याङकन भै No Objection को लागि ADB पठाइएको ।

- सन् २००२ देखि अनिर्णित सुरूङ निर्माण सुपरिवेक्षण परामर्शदातासँग ठेक्कापट्टा भएको छ ।



ग्याल्थुम शुरूङ प्रवेश मार्ग

शुरूङ प्रवेश मार्गमा निर्मित स्ल्याब कल्भर्ट

- मेलम्ची खानेपानी विकास समितिले ७ वर्ष अघिदेखि पुरानो बानेश्वरस्थित देवकोटा मार्गमा बस्दै आएकोमा यही मिति २०६४ चैत्र महिनाबाट मीनभवनस्थित ट्रलिबस कार्यालयमा सरेको छ ।

- सुरूङ निर्माणको लागि सबैभन्दा कम कबोल गर्ने CRCC-CMIIC JV संग ठेक्कापट्टा गर्न वान्छनियदेखी ADB को No Objection को लागि पठाईएको ।

- मुख्य प्रवेश मार्गमा यस आ.व.को कार्यक्रम अनुसार २ वटा पुलको निर्माण कार्य सम्पन्न भएको ।

- मुख्य प्रवेश मार्गमा यस वर्षको कार्यक्रम अनुसार सञ्चालन मर्मत सम्भार कार्य १०० प्रतिशत पुरा भएको ।

- सिन्धु तथा ग्याल्थुम एडिट प्रवेशमार्गमा CCECC- Sharma - Lama बाट Remedial Work सम्पन्न गरेकोले Defect Liabilty Certificate Issue गरिएको ।

सिन्धु एडिटमा निर्मित सडक र कुलो

९.२ आ.व. २०६४।६५ चैत्र/वैशाखसम्म मुआब्जासम्बन्धी भएको प्रगति

सि नं	अवयव/विवरण	जम्मा घरधुरी संख्या	मुआब्जा प्राप्त घरधुरी संख्या	जम्मा रकम	मुआब्जा प्राप्त रकम (रूपैया)
	मेलम्ची डाइभर्सन स्कीम (मेलम्ची)				
१	जग्गा (मुख्य प्रवेश मार्ग)	३४०	२९७	३९,१३०,५०५	३७,०९६,८१०
२	सिन्धु, सुरुङ प्रवेश मार्ग	३५७	३०९	५०,३३०,७८०	४४,६५९,२९९
३	जग्गा (ग्याल्थुम सुरुङ प्रवेश मार्ग)	५३	४७	१५,७५९,९०८	१४,६३०,३२४
४	जग्गा (अम्बाथान सुरुङ प्रवेश मार्ग)	१९	१६	७,७८५,५४२	१,३४५,५९५
५	जग्गा (सुधारिएको खण्ड)	५१८	४१९	४९,४०९,४६२	४२,७५६,६००
६	जग्गा (विद्युत प्रसारण लाइन)	५	५	७७३,९८२	७७३,९८२
७	जग्गा (क्याम्प क्षेत्र)	८	७	२१,६७२,४९८	१८,९२१,५२१
८	रूख /बोट बिरूवा	४९२	४६४	२२,८३४,८०१	२१,९३८,४००
९	घर/गोठ	११७	११६	१५,९८५,४९३	१५,८२५,६३८
१०	घट्ट/पानी मिल	१२	१२	२,२०८,०५१	२,२०८,०५१
११	सामुदायिक वन	१५	१४	६,१२६,३५०	५,१६०,९००
१२	दर्ता/शुल्क र कर	१२०	१२०	१,३६९,७३६	१,३६९,७३६
१३	आधारभूत तालिम वाइरिङ/ डकर्मी, सिकर्मी, निर्माण तालिम	८०	८०	१,२२७,२८३	१,२२७,२८३
	जम्मा	२,१३६	१,९०६	२३४,६१४,३९१	२०७,४८१,८५२

मेलम्ची डाइभर्सन स्कीम (काठमाण्डौ)

१४	सुन्दरीजल सुरुङ्ग प्रवेश मार्ग	७१	६८	३७,९१४,६३७	३४,१६९,४२३
	रूखहरू	२९	२४	१८५,१०३	१७५,९५५
	घर/गोठ	४	३	१,९२१,३७४	१,००४,६४६
१५	विद्युत प्रशारण लाइन	६	६	८५५९७७५	८,५५,९७७५
	जग्गा	४०२	३१३	१८७,६६२,०२७	१५७,६३६,१०३
	(पानी संकलन केन्द्र/पाइप लाइन)				
	जग्गा (पानी प्रशोधन केन्द्र)	७७	६७	२९८,३६१,३९५	२६४,६७७,९३०
	जम्मा	५८९	४८१	५३२,०३५,३३४	४६६,२२३,८३२
	कुल जम्मा	२,७२५	२,३९५	७६६,६४९,७२५	६७३,७०५,६८४

९.३ वातावरणीय व्यवस्थापनतर्फ भएका प्रगति

- सामाजिक, सांस्कृतिक, पर्यावरणीय र आर्थिक प्रभाव सम्बन्धी आयोजनाबाट प्रभावित क्षेत्रमा हालको अवस्थितिको अध्ययन र अनुगमन गर्ने कार्य सुचारू रूपले भइरहेको छ ।
- मेलम्ची पुल बजारमा वातावरणीय प्रयोगशाला भवन निर्माण भएको ।
- हल्दे, सेरा, सिंचाई योजना सम्पन्न भएको साथै मेलम्ची सिंचाई कुलो निर्माण कार्य सम्पन्न भएको र नुवार सिंचाई कुलो निर्माण कार्य भइरहेको छ ।

वातावरण व्यवस्थापन कार्यक्रम अन्तर्गत नुवार खोलामा निर्मित सिंचाई कुलो

- १४ गा.वि.स. भित्र गैरकाष्ट (औषधिमुलो) प्रजातिका बन पैदावरको स्रोत सर्वेक्षण र पहिचान गरी कार्यान्वयन भइरहेको छ ।
- भुमेस्थान सामुदायिक बन उपभोक्ता समूह बांसबारी-९ स्पोइल टीप ९ नं. मा १ विरूवा बराबर ५ विरूवा वृक्षारोपण गर्ने मान्यताले यस वातावरण व्यवस्थापन कार्यक्रम मार्फत यसै वर्ष ३०,००० विरूवा उपलब्ध गराइएको छ ।
- बाहुनेपाटी मगर्ने खोलामा ड्रेन व्यवस्थापन र कलभर्ट निर्माण कार्य सम्पन्न भएको छ ।
- पित् चौतारी बांसबारीमा माझी समुदायको धार्मिक स्थलमा रेलिङ मर्मत, सुधार तथा निर्माण जसमा शौचालय समेत निर्माण गरिएको छ ।
- नुवार खोला खानेपानी योजना सम्पन्न भएको छ ।
- टिम्बुमा ग्याबियन बाल निर्माण गरिएको छ ।
- टिम्बु, तालामाराङ, मेलम्ची, इन्द्रावती खोला गरी चार ठाउंमा गेज स्टेशन राखिएको छ
- १२ इन्चको पोलिथिन पाइप सहितको च्युरिखर्क सिंचाई कुलो निर्माण कार्य भइरहेको छ ।
- भुसेबालुवामा outfall drain तयार भइसकेको र मेलम्ची पुलबजार र फट्टेमा तयार भइरहेको छ ।
- तालामाराङ बजारमा खानेपानी व्यवस्थापन गर्न ९ वटा धारा निर्माणका लागि पाईप लाइन, रिजर्भायर ट्याङ र इन्टेक निर्माण कार्य भइरहेको छ ।

मुख्य प्रवेश मार्गमा पर्ने तितेखानी पहिरो नजिकै निर्मित ढल निकास

- मुख्य प्रवेशमार्गको चेनेज १+४४०, २+२९५, १३+४२९, १५+९६०, १६+१४५, १६+२८०, १६+५५०, १६+५८९, १६+७९१, १६+८९१, १७+१२०, १७+२३६, ७+४०७, ७+४०९ मा ढल निकासको निर्माण कार्य सम्पन्न भएको छ ।
- वातावरण संरक्षणसंग सम्बन्धित विभिन्न सामुदायिक कृयाकलाप सम्पन्न भएको र मुख्य प्रवेशमार्ग र सहायक प्रवेशमार्ग निर्माणको क्रममा बिग्रिएका धारा, कुलो मठ-मन्दिर, गोरेटो बाटो र पानी निकास नाली जस्ता संरचनाहरूको सर्भे, डिजाइन गरी पुनः निर्माण तथा मर्मत सम्भार कार्य भइरहेको छ ।
- पानीमा व्याक्टेरीयाको अवस्था मापन गर्न Laminar Flow, Incubator Oven, जस्ता औजार किनिएको जस्को माध्यमद्वारा मासिक दुई पटक मेम्ब्रान, फिल्टर पद्धतिबाट पानीमा कोलीफर्मको संख्या मापन गर्ने व्यवस्था मिलाइएको छ ।

- प्रभावित १४ गा.वि.स.मा पर्ने जंगलबाट प्राप्त दुर्लभ जैविक विविधता जस्तैः जटामसी, चिराइतो, लोक्ता, पांचऔंले, निरामसी, मजीठो, पद्मचाल जस्ता बिसौ जडिबुटि ल्याब प्रयोगको लागि उपलब्ध गराइएको छ ।

९.४ सामाजिक उत्थान कार्यक्रमले गरेका महत्वपूर्ण कार्यहरू

९.४.१ शिक्षा

- ८ वटा विद्यालय भवन निर्माण कार्य सम्पन्न गरेको र २ वटा विद्यालय भवन मर्मत कार्य सम्पन्न गरेको छ ।
- इन्द्रेश्वर उच्च मा.वि.मा कम्प्युटर तथा विज्ञान प्रयोगशाला भवन निर्माण गरिएको साथै गोल्मादेवी नि.मा.वि. हेलम्बुको विद्यालय भवन पुनः निर्माण तथा मर्मत गरेको छ ।
- भञ्ज्याङ्ग प्रा.वि. बांसबारीलाई पहिरोबाट संरक्षण गर्न रिटेनिङ पर्खाल निर्माण गरिएको र भुमेश्वरी मा.वि.को भवन निर्माण कार्य भइरहेको छ ।
- जि.शि.का. चौतारालाई कार्यालय सामग्री र कम्प्युटर उपलब्ध गराइएको छ ।
- प्रभावित गा.वि.सका ८९ वटा विद्यालयलाई आधारभूत शैक्षिक तथा खेलकूद सामग्री वितरण गरिएको छ ।
- गत वर्ष २७ विद्यालयका १३६ जना विद्यार्थी (गरिब, अल्पजाती, दलित, महिला आदि) लाई ३ वर्षको लागि छात्रवृत्ति प्रदान गरिएको छ ।
- ५ वटा उच्च मा.वि. र १ क्याम्पसलाई २ वटाका दरले कम्प्युटर उपलब्ध गराइएको छ ।
- मेलम्ची म्याली क्याम्पस महाकाल, इन्द्रेश्वरी उ.मा.वि. मेलम्ची, जालपादेवी उ.मा.वि. बांसबारी, सिन्धु पुराना गाउँ उ.मा.वि. सिन्धुकोट, सरस्वती उ.मा.वि. भोटेचौरलाई कम्प्युटर प्रिन्टर उपलब्ध गराइने क्रममा रहेको छ ।
- मिति २०६५ वैशाख २६ गते बसेको बैठकको निर्णयानुसार भुमेश्वर मा.वि. किउल, इन्द्रावती क्याम्पस मेलम्ची, मेलम्ची घ्याङ मा.वि. हेलम्बु, तेर्सो मा.वि. तालामाराङ, महेन्द्र मा.वि. इचोक, बालसुधा मा.वि. दुवाचौर, जालपादेवी उ.मा.वि. भोटेचौर, फटकशिला मा.वि., कृष्ण मा.वि. थकनी, गोल्मादेवी मा.वि. हेलम्बु, साथै नयाँ स्थापना भएको उच्च मा.वि. तथा क्याम्पस साथै कक्षोन्नती हुँदाको बखत एक/एक कम्प्युटर सेट सहितको प्रिन्टर उपलब्ध गराउने क्रममा रहेको छ ।

९.४.२ स्वास्थ्य

- स्थानीय आयोजना प्रभावित गा.वि.स. र छिमेकी गा.वि.स.का बासिन्दाहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एक अत्याधुनिक एम्बुलेन्स उपलब्ध गराइएको छ ।
- चित्रे उपस्वास्थ्य चौकीको भवन पुनः निर्माण गरिएको एवं प्रथम चरणमा दुवाचौर, किउल, थकनी र हैबुङ गा.वि.स.का ४ वटा उपस्वास्थ्य चौकी निर्माण कार्य सम्पन्न भएको छ । दोश्रो चरणमा तालामाराङ, महाकाल, पाल्चोक, फटकशिला र इचोक

आयोजनाद्वारा निर्मित ओखेनी मा.वि. बाँसबारी

आयोजनाद्वारा निर्मित किउल गा.वि.स. स्थित भुमेश्वरी मा.वि.

सिन्धु सुरुङ प्रवेशमार्ग र बाहुनेपाटीको एक दृश्य

आयोजनाद्वारा निर्मित सरस्वती उ.मा.वि., ग्याल्बुम

आयोजनाद्वारा हस्तान्तरित एम्बुलेन्स

गा.वि.स.का उपस्वास्थ्य चौकी भवन निर्माण भइरहेको छ ।

मेलम्ची स्वास्थ्य केन्द्रमा निर्मित डाक्टर निवास

- मेलम्ची स्वास्थ्य केन्द्रको लागि डा.निवास निर्माण गरिएको छ । साथै १४ गा.वि.स. भित्र पर्ने स्वास्थ्य चौकीलाई आधारभूत औषधि उपलब्ध समेत गरिएको छ । विभिन्न रोग निवारणका निम्ति स्वास्थ्य शिविर, पुनर्ताजगी तालिम समेत दिएको छ ।
- स्वास्थ्य चौकी भवन, चर्पी निर्माण, विभिन्न रोग निवारणका निम्ति स्वास्थ्य शिविर, पुनर्ताजगी तालिम दिइएको छ ।
- ककनी प्रा.वि. हेलम्बु, इसिङ प्रा.वि. पाल्चोक, भुमेश्वरी मा.वि. किउल, बालसुधा मा.वि. दुवाचौर, जागेश्वरी प्रा.वि. मेलम्ची, सरस्वती प्रा.वि. बासबारी, पब्लिक प्रा.वि. फटकशिला, कालिका प्रा.वि. सिन्धुकोट, कृष्ण मा.वि.थकनी, हैबुङ मा.वि. हैबुङ, जालपा उ.मा.वि. भोटेचौर, महेन्द्र मा.वि. इचोक, ज्ञानोदय प्रा.वि महाँकाल र जागेश्वरी प्रा.वि. तालामाराङ गरी चौध गा.वि.स.का चौध विद्यालयमा शौचालय र खानेपानी निर्माण गरिने कार्यक्रम छ ।
- श्री महादेवस्थान नि.मा.वि. हैबुङ, श्री पञ्चकन्या नि.मा.वि. तालामाराङ, श्री जयबागेश्वरी नि.मा.वि. पाल्चोकको भवन निर्माण गरिने कार्यक्रम रहेको छ ।

९.४.३ आयआर्जन

मेलम्ची खानेपानी विकास समिति/जि.वि.स स्थानीय विकास कोष आयआर्जन तथा सामुदायिक विकास कार्यक्रम संचालित कार्यक्रम र प्रगति विवरण निम्न प्रकारको छ ।

मेलम्ची साइट कार्यालयमा सञ्चालित क्षमता विकास तालिम

संस्थागत विकास- प्रभावित गा.वि.स संख्या - १४, जम्मा बस्ती संख्या - ३९१, समेटिएको बस्ती संख्या - ३५७, जम्मा घरधुरी संख्या - ११,३०५, समेटिएको घर-धुरी - ९,३३५ (८३%) जम्मा सामुदायिक संस्था - ५०९ पुरूष सामुदायिक संस्था - २३१, महिला सामुदायिक संस्था - १६४, मिश्रित सामुदायिक संस्था - ११४ जम्मा सदस्य संख्या - १२,३९८, पुरूष सदस्य संख्या - ७,०७३, महिला सदस्य संख्या - ५,३२५, अध्यक्ष मेनेजर भेला - १४, कार्यक्रम व्यवस्थापन समिति - १४, प्रविधि तथा सेवा केन्द्र व्यवस्थापन समिति - १४

आर्थिक विकास- सामुदायिक संस्थाको आन्तरिक बचत रु. १,१८,५९,१६०, ऋण पूंजी लगानी रु. २,५९,०६,१२८, ऋण पूंजी असुली रु. १,४९,३२,४१९, लगानीमा रहिरहेको ऋण पुंजी रु.१,०९,७३,७०९, ऋण पुंजीबाट लाभान्वित सदस्य - ७,३८५

भौतिक पूर्वाधार योजना- जम्मा सम्पन्न योजना संख्या:- १६६, खानेपानी- ८६, सिचाई:- ४३, अन्य - ३७ जम्मा अनुदान रू १,२९,६१,५८१ खानेपानीमा रू ६८,१०,७८१, सिंचाईमा रू ४२,१३,२५०, अन्यमा रू १९,३७,५५०

सेवा केन्द्र- पशु स्वास्थ्य सेवा केन्द्र - १८, कृषि सेवा केन्द - १४, सामुदायिक स्वास्थ्य सेवा केन्द्र - १, गरी जम्मा - ३३ सेवा केन्द्र

तालिम- लामो अवधिको तालिम लिने सदस्य संख्या - ७९ जना र छोटो अवधिको तालिम लिने सदस्य संख्या - २९०५ जना

१ प्रविधि विकास तर्फ गरिएका कार्यक्रमहरू - २७ वटा

२ अति गरिबमुखी कार्यक्रमबाट लाभान्वित सदस्य संख्या - ६१८

९.४.४ मध्यवर्ती क्षेत्र विकास

- टिम्बु पर्यटन सूचना केन्द्र भवन स्थापनाका लागि १ रोपनी १२ आना जग्गा खरिद गरी भवन निर्माण कार्य भइरहेको र संस्कृति संरक्षण तथा होटेल व्यवस्थापन सम्बन्धी कार्यका लागि उप-समिति गठन भएको ।
- लामटाङ राष्ट्रिय निकुञ्ज, धुन्चेलाई कार्यालय सामग्री तथा मोटरसाइकल उपलब्ध गराइएको ।
- टिम्बु नुर्पु गाउँमा समुदायमा आधारित २ वटा वन नर्सरीहरूको स्थापना र प्रशिक्षकको व्यवस्था गरी सल्लाको बिरूवा उत्पादन र वितरण गरिएको ।

९.४.५ ग्रामीण विद्युतीकरण

मेलम्ची डाइभर्सन स्किम अन्तर्गत सुरूङ निर्माण कार्यमा, कामदारहरूको क्याम्पको प्रयोगमा तथा यन्त्रहरू सचालनमा उल्लेखनीय मात्रामा विद्युत खपत हुने र सोको लागि विद्युत आपूर्ति विस्तार गर्नु पर्ने भएकोले पहिलो चरणमा निकासा भएको रू. १०,६०,००० बराबरको सामग्री खरिद गरी सकिएको छ । तर आयोजना पुनर्संरचना गरिने भनिएकोले हाललाई यस कार्यक्रम स्थगन गरिएको छ ।

९.४.६ सामाजिक उत्थान कार्यक्रम अन्तरगत भएको खर्च तथा फाँटवारी

कार्यक्रम	वार्षिक लक्ष्य	अर्ध वार्षिक प्रगति	सहयोग दाता
सामाजिक उत्थान कार्यक्रमको	बजेट	बजेट खर्च	ने स र ए डी वी
मध्यवर्ती क्षेत्र विकास	२,५००,०००.००		ने स र ए डी वी
स्वास्थ्य कार्यक्रम	१०,०००,०००.००	२४०,०००.००	ने स र ए डी वी
शिक्षा	८,५००,०००.००	१,१९५,३९०.८७	ने स र ए डी वी
आय आर्जन तथा सामाजिक विकास	१७,०००,०००.००	६,६३०,२८७.१५	ने स र ए डी वी
ग्रामीण विद्युतिकरण		१,०००,०००.००	

१०

आयोजना सञ्चालनको सन्दर्भमा उठेका समस्या तथा समाधान

आ.व. ०६४/६५ मा गरिएका प्रयासहरू

१. ए.डी.बी.ले राखेको पूर्व शर्त मुताबिक निजी क्षेत्रको व्यवस्थापनलाई नियुक्ति गरिनुपर्ने भन्ने मान्यताको आधारमा पुनर्संरचना नीति अनुरुप संस्थागत सुधार अन्तर्गत खानेपानी व्यवस्थापन बोर्ड मार्फत काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई ३० वर्षे करारमा जिम्मेवारी हस्तान्तरण गरिएको छ। यस सम्झौता तथा ऐतिहासिक निर्णय यसै चालु वर्ष २०६४ मा भएको कारणले ए.डी.बी. को ९ अर्ब रुपैया ऋण निश्चितता हुनु आयोजनाको लागि कोपेढुङ्गा साबित भएको छ।

२. स्थानीय समस्याहरूलाई सम्बोधन गर्ने उद्देश्यले केन्द्रीयस्तरमा सिन्धुपाल्चोक जिल्लाका विधायक तथा सभासदहरू प्रमुख आठ दलका प्रतिनिधिहरू तथा अन्य प्रबुद्ध व्यक्तिहरू रहेको सल्लाहकार समिति गठन गरी समस्या समाधानको लागि पहल गरिएको छ।

३. व्यवस्थापन करारको सम्बन्धमा २०६४/५/३ को मन्त्रिपरिषदको निर्णयबाट ठेक्का रद्द गर्ने निर्णय भई विद्यमान अन्यौल समाप्त भएको छ।

४. प्रभावित गा.वि.स. तथा स्थानीयवासीको सहभागितामा निर्मित समिति मार्फत सामाजिक उत्थान कार्यक्रम सञ्चालन सर्वपक्षीय समिति गठन भई निष्पक्ष तवरबाट आयोजनाको शास्वत कार्यान्वयन गर्ने प्रतिबद्धता र सम्झौता भई आएको छ। जुन कार्यले सहज वातावरण सृजना हुनेमा विश्वसनीय देखिन्छ।

माथि उल्लेखित पहलकदमीहरू र निर्णयले यस आयोजनाको भविष्य सुनिश्चित हुने कुरामा विश्वास मान्न सकिन्छ। यसका साथै यस वर्षमा गठन गरिएका समितिहरू र उक्त समितिका लागि छुट्याइएका कार्यक्षेत्रहरू यस प्रकार छन्।

१०.१ मेलम्ची खानेपानी विकास निर्माण उपभोक्ता समिति, सुन्दरीजल

मेलम्चीको पानी सुरुङ्गको माध्यमद्वारा सुन्दरीजलमा एक वृहत पानी प्रशोधन केन्द्रमा ल्याइनेछ। जसका लागि उक्त ठाउँमा अन्य विभिन्न भौतिक निर्माण कार्य भइरहेका छन्। विगत केही वर्ष अगाडिदेखि सो स्थानमा बासिन्दाहरूले पटक पटक विभिन्न माग राख्दै आएको परिप्रेक्ष्यमा उनीहरूसँग सहजता अपनाउन यस आयोजनाले बैठक आयोजना गर्दै आइरहेको छ। प्राप्त मागहरूलाई ध्यानमा राख्दै उच्च प्राथमिकताका साथ प्राथमिकताको क्रम सहितलाई छुट्याई निश्चित भएको स्रोतको आधारमा कार्यलाई अग्रसरता/प्राथमिकता दिने समेत निर्णय भएको छ।

स्थानीय जनतालाई जागरूक बनाउने र ownership लिनको लागि त्यहीँबाट उपभोक्ता समिति गठन गर्ने प्रकृया शुरू भई आएको छ। सो उपभोक्ता समिति र बोर्डको तर्फबाट सम्झौता भई वातावरण व्यवस्थापन कार्यक्रमबाट माथि उल्लेखित भएका कृयाकलापको सन्दर्भमा लागत अनुमान गर्ने कार्य तयार भएको छ। उक्त छलफल भएको कृयाकलापको करिब रकम रू. ७२,००,००० लागत अनुमान तयार बन्यो। सोही अनुमानलाई आधार मानेर वातावरण व्यवस्थापन कार्यक्रमबाट करिब ६० लाखको निर्माण कार्य चालु आर्थिक वर्षमा गराइएको छ। सुन्दरीजल प्रवेश मार्ग को ७०% कार्य सम्पन्न भइसकेको छ। जसमा बारमती पुल निर्माणाधिन लगायत अन्य कार्य भइरहेको छ।

१०.२ ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालक समिति

काठमाडौं उपत्यकाको खानेपानीको समस्या समाधान गर्न मेलम्ची खानेपानी आयोजनाको स्थापना भएको हो। आयोजनाले मेलम्ची खोलाको पानी काठमाडौं पधान्तरण गर्ने योजनासँगै यसबाट मेलम्ची उपत्यकाका प्रभावित गाविसहरूमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने उपाय अवलम्बन गरेको पाइन्छ। प्रत्यक्ष प्रभाव न्यूनिकरणका लागि मुआव्जा, क्षतिपूर्ति तथा वातावरणीय व्यवस्थापन कार्यक्रम संचालन गरिएका छन् भने अप्रत्यक्ष प्रभाव न्युनिकरणका लागि सा.उ.का. लागु गरिएको छ। जसबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

ह्यो.सि.मे.उ.सा.उ.का. को अधिवेशन उद्घाटन समारोहका तस्वीर

सा.उ.का. संचालनमा स्थानीय बासिन्दाहरूको समेत सहभागिता गराउने उद्देश्य अनुरुप आयोजनाको थालनीसँगै २०५६ सालमा प्रत्येक गा.वि.स.हरूमा गाविस अध्यक्षको अध्यक्षतामा "स्थानीय परामर्श समूह" शिक्षा, स्वास्थ्य, स्थानीय संघ/संस्था र महिलाको प्रतिनिधित्व-मुलक संस्थाहरू समेत गठन भएका थिए। तर स्थानीय निकायहरूको भंगसँगै यसको समाप्ति भएको पाइन्छ।

२०५९/२०६० सालमा सा.उ.का. परामर्शदाताबाट स्थानीय सहभागिताको आधारमा कार्यक्रमलाई अघि बढाउन, स्थानीय सरकारी निकायहरू (जिल्ला जनस्वास्थ्य, शिक्षा, जि.वि.स. र विद्युत प्राधिकरण कार्यालय, चौतारा र लाइटाइ राष्ट्रिय निकुञ्ज, रसुवासँग सा.उ.का.को समन्वयको लागि सम्झौता गरेको पाइन्छ। त्यस्तै स्थानीय बासिन्दाहरूको सहभागिताको लागि शिक्षा, स्वास्थ्य समितिहरू, ग्रामीण विद्युतीकरण उपभोक्ता समिति तथा आमायाइरी उपभोक्ता समूहसँग सहकार्य गर्ने जमर्को गरेको पाइन्छ।

त्यस्तै २०६१ सालमा २० सदस्यीय नागरिक समाज गठन गरियो। २०६२ सालमा आएर प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ४५ सदस्यीय तदर्थ समिति छनौट गरियो। जसमध्येबाट १९ सदस्यीय कार्य समिति गठन गरियो। २०६३ पौषमा आयोजना र स्थानीय वासिन्दाबीच भएको असमझदारीलाई समाधान गर्न प्रतिनिधिसभा वातावरण संरक्षण समितिबाट पनि निकै पहल भएको थियो। यसलाई गठन आदेश जारी गराउन गरिएको पहल पश्चात २०६४ भाद्र ३० गते भौतिक योजना तथा निर्माण मन्त्रालयबाट मेलम्ची खानेपानी विकास समितिलाई उक्त समितिसंग रितपूर्वकको आवधिक सम्झौता गरी आयोजनाको कार्य अधि बढाउने निर्णय आदेश जारी गऱ्यो।

ह्यो.सि.मे.उ.सा.उ.का. को कार्यालय भवन, मेलम्ची

गत मंसिर २६, २०६४ मा उक्त समितिसंग कार्यक्रम संचालन गर्न मेलम्ची खानेपानी विकास समितिले सम्झौता गरिसकेको छ। साथै गत आ.व. को बजेट ३ करोड ८० लाख विनियोजन समेत गरिसकेको थियो। साथै ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालक समितिको प्रथम ऐतिहासिक अधिवेशन यहि २०६५-२-२७, २८ गते भएको छ। जुन कार्यले स्थानीयवासीहरूको समस्याको समाधान प्रभावकारी एवं पारदर्शी ढंगले गर्न सक्षम हुनेछन् भन्ने कुरामा विश्वास लिन सकिन्छ। सामाजिक उत्थान कार्यक्रममा हाल देखिएका समस्यालाई स्थानीय स्तरमै समाधान गर्ने व्यवस्था मिलाइएको छ। जसको लागि ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिको विद्यमान मस्यौदा तयार गरी दर्ता गरिसकेको छ। गत मंसिर २६, २०६४ मा उक्त समितिसंग कार्यक्रम संचालन गर्न मेलम्ची खानेपानी विकास समितिले सम्झौता गरिसकेको छ। साथै जनसहभागितामा आधारित सामाजिक विकास कार्यक्रम संचालन गर्न प्रभावकारी संरचनाको गठन हुन पर्ने मान्यताले उक्त समिति गठन भएको हो। उक्त साधारण सभाबाट निर्वाचित १६ सदस्यीय कार्य समिति र अन्य १४ सदस्यीय पदेन सदस्य र सेफगार्ड युनिट प्रमुख सचिव १ साथै अन्य ३ जना लेखा समिति रहने गरी **ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालक समिति** गठन भएको छ। कार्यक्रमलाई नियमित कार्यान्वयन गर्न र लक्षित उद्देश्य तर्फ उन्मुख गराउन गा.स.स., ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालक समिति र सामाजिक सेफगार्ड युनिटबाट क्याकलापको अनुगमन, प्रक्रया अनुगमन, वित्तीय अनुगमन, कर्मचारी अनुगमन जस्ता विविध पक्षहरूमा नियमित अनुगमन गरिनेछ। अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरी कार्यक्रमलाई व्यवहारिक रूपमा रूपान्तरण गर्ने व्यवस्था पुनर्संरचनाको नीति अनुसार हुने भएको छ। १४ गा.वि.स.का पार्षदहरूको सहभागितमा यहि २०६५ साल जेठ २७ र २८ गते सम्पन्न प्रथम ऐतिहासिक साधारण सभाले ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिको नयाँ नेतृत्व चयन (निर्वाचन) गरे पश्चात पुरानो तदर्थ समिति स्वत: विघटन भएको छ। २०६५ आषाढ २ गते उक्त समितिसंग आगामी दुई आ.व. को लागि सामाजिक उत्थान कार्यक्रम सञ्चालनको लागि सम्झौता भइसकेको छ। नयाँ समितिका पदाधिकारीहरूको विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ।

त्यस्तै सा.स. ले साउका निर्देशिका तयार गर्ने अधिकार ह्यो.सि.मे.स. को कार्य समितिलाई प्रदान गरेको छ। २०६५ आषाढ ७ गते निर्वाचित ह्यो.सि.मे.स. कार्यसमितिको प्रथम बैठक बस्यो। जसले साउका निर्देशिकालाई अन्तिम रुप प्रदान गर्नुको साथै गा.सा.स.को कार्यलय व्यवस्थापन र साउकाको बजेट तथा आगामी कार्यक्रम बारे व्यापक छलफल गऱ्यो।

सोही निर्णय आदेश बमोजिम मे.खा.वि.स. र ह्यो.सि.मे.स. बीच २०६४ मंसिर २६ गते २०६५ आषाढ मसान्तसम्मको लागि सम्झौता भयो। यसको लगत्तै स्विकृत विधान अनुरुप प्रत्येक गाविसहरूमा सेफगार्ड युनिटको सहयोगमा २७ सदस्यीय गाउँ सामुदायिक समितिहरू (गा.सा.स.) र ९ सदस्यीय कार्य समितिहरू गठन भएका छन्।

यस प्रकार आजको ह्यो.सि.मे.स स्थापित हुनमा स्थानीयवासिन्दाहरूको महत्वपूर्ण भूमिका र लामो समय व्यतित भएको पाइन्छ। आगामी दिनमा पनि यसले आफ्नो कार्य सफलतापूर्वक सम्पादन गर्न ठूलो योगदान र समय दिनु पर्ने कुरा नकार्न सकिँदैन।

१०.३ मण्डन उपत्यका विकास समिति

काभ्रे जिल्ला ५ गा.वि.स. (पाँचखाल, जैशिथोक, चण्डेनी मण्डन, महादेवस्थान, देवपुर गौरी विसौना) को संयोजकत्वमा गठित मण्डन उपत्यका विकास समितिले विभिन्न समयमा मेलम्ची खानेपानी आयोजनाबाट सिन्धुपाल्चोकको १४ गा.वि.स. सरह सेवा सुविधा उपलब्ध गराइयोस् । यो जिल्लामा पर्ने लामीडांडादेखि सिपाघाटसम्मको बाटो कालोपत्रे होस् भन्ने आफ्नो मागलाई जोडदार रूपले राख्दै आएको शिलशिलामा आयोजना मार्फत गत २०६४ माघ १९ गते कुन्तावेशीमा एक वृहत सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको थियो । आयोजनाबाट उक्त मागको बारेमा विस्तृत अध्ययन गरी कार्य प्रारम्भको लागि उपरोक्त गा.वि.स.हरूको IEE/EIA अध्ययन गरी प्रतिवेदन पेश भएको छ । सो कार्यक्षेत्रमा वातावरणीय असर न्यूनीकरण गर्ने र अन्य कार्यक्रम अगाडि बढाउन चालु आ.व.मा वातावरण सहज भएको देखिन्छ । मण्डन उपत्यका विकास समितिलाई सहयोग गर्न काभ्रे जिल्लाको सभासद माननीय सूर्य मान दोङ्ग, मण्डन उपत्यका विकास समितिका अध्यक्ष अच्युत पौडेल र यसै मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक हरिराम कोइराला सहितको ३ सदस्यीय अनुगमन समिति गठन भई कार्य गरिरहेको अवस्था छ ।

मण्डन कुन्तावेसीमा वातावरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

१०.४ ह्योल्मो खानेपानी सरोकार समिति

यस आयोजनाको कार्य द्रुततर रूपमा अगाडि बढोस् भन्ने ध्येयले क्रमबद्ध रूपमा प्रभावित गा.वि.स.का मानिसहरूकै सकृयतामा विभिन्न समिति तथा उप-समिति गठन गर्ने क्रममा हेलम्बु सरोकार समिति पनि एक कृयाशील समितिको रूपमा स्थापित छ । उक्त समितिले विगत १ वर्षदेखि अम्बाथान एडिट मार्गमा विभिन्न मागहरू राखी विकास कार्यमा गतिरोध आएको हेर्दा पटक पटक निकासका लागि छलफल हुँदै आइरहेको छ । मिति २०६४ फाल्गुण ९ गते मेलम्ची खानेपानी विकास समिति र हेलम्बु सरोकार समितिबीच सहमति कायम भयो । सो सहमति अनुसार सम्बन्धित क्षेत्रमा निर्माण कम्पनी (ठेकेदार) हरूले आफ्ना कार्य सहज रूपमा गर्ने वातावरण सृजना भएको छ ।

१०.५ मेलम्ची खानेपानी आयोजनाद्वारा सञ्चालित विभिन्न गतिविधिहरूको एक झलक

अनुसूचीहरू

अनुसूची १

मेलम्ची खानेपानी आयोजनाको संगठनात्मक स्वरुप

सम्बद्ध मन्त्रालय — मेलम्ची खानेपानी विकास समिति बोर्ड सदस्य — भौतिक योजना तथा निर्माण मन्त्रालय — दाताहरू

कार्यकारी निर्देशकको कार्यालय, काठमाण्डौ

क.स.	पद	#
१	कार्यकारी निर्देशक	१
२	वरिष्ठ प्रशासन सहायक	१
	जम्मा	२

कानून इकाई

क.स.	पद	#
१	वरिष्ठ कानून अधिकृत	१
२	वरिष्ठ प्रशासन सहायक	१
	जम्मा	२

उपकार्यकारी निर्देशकको कार्यालय आयोजना कार्यान्वयन इकाई, मेलम्ची

क.स.	पद	#
१	उपकार्यकारी निर्देशक	१
२	प्रशासन अधिकृत	१
३	लेखा अधिकृत	१
४	वरिष्ठ प्रशासन सहायक	२
५	कम्प्युटर अपरेटर	३
६	सर्भेयर	३
७	लेखापाल	१
८	हलका सवारी चालक	७
९	पियन	६
	जम्मा	२५

सेफगार्ड इकाई

क.स.	पद	#
१	वरिष्ठ इन्जिनियर	१
२	पुनर्वास अधिकृत	१
३	जनसम्पर्क अधिकृत	१
४	सब इन्जिनियर	२
५	वरिष्ठ प्रशासन सहायक	२
६	कम्प्युटर अपरेटर	१
	जम्मा	९

इन्जिनियरिङ्ग इकाई

क.स.	पद	#
१	वरिष्ठ इन्जिनियर	१
२	वरिष्ठ इन्जिनियर	१
३	इन्जिनियर	४
४	सब इन्जिनियर	७
	जम्मा	१३

आयोजना कार्यान्वयन इकाई तर्फ जम्मा : ४७

आयोजना कार्यान्वयन इकाई (मेलम्ची)

उपकार्यकारी निर्देशकको कार्यालय आयोजना व्यवस्थापन इकाई, काठमाण्डौ

क.स.	पद	#
१	उपकार्यकारी निर्देशक	१
२	प्राविधिक सहायक	१
३	कम्प्युटर अपरेटर	१
	जम्मा	३

इन्जिनियरिङ्ग इकाई

क.स.	पद	#
१	वरिष्ठ इन्जिनियर	१
२	इन्जिनियर	१
३	सब इन्जिनियर	१
	जम्मा	३

प्रशासन इकाई

क.स.	पद	#
१	युनिट प्रमुख	१
२	वरिष्ठ प्रशासन सहायक	२
३	कम्प्युटर अपरेटर	१
४	प्रशासन सहायक	१
५	टेलिफोन अपरेटर	१
६	हलका सवारी चालक	६
७	पियन	४
८	कुचिकार	१
	जम्मा	१७

बिल तथा लेखा इकाई

क.स.	पद	#
१	युनिट प्रमुख	१
२	लेखापाल	१
३	कम्प्युटर अपरेटर	१
	जम्मा	३

प्रोक्योरमेन्ट तथा प्लानिङ इकाई

क.स.	पद	#
१	युनिट प्रमुख	१
२	इन्जिनियर	१
३	प्राविधिक सहायक	१
	जम्मा	३

आयोजना व्यवस्थापन इकाई तर्फ जम्मा : ३३

आयोजना व्यवस्थापन इकाई (काठमाण्डौ)

मेलम्ची उपत्यका विकास कमिटि, सचिवालय

क.स.	पद	#
१	वरिष्ठ इन्जिनियर	१
२	समाजशास्त्री	१
३	इन्जिनियर	१
४	वरिष्ठ प्रशासन सहायक	२
	जम्मा	५

जम्मा कर्मचारी संख्या : ८५

अनुसूची २

मेलम्ची खानेपानी आयोजना तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू

२.१ मेलम्ची खानेपानी विकास समितिका कर्मचारीहरू

सि. नं.	पद	नाम
१.	कार्यकारी निर्देशक	श्री हरिराम कोइराला
२.	उप-कार्यकारी निर्देशक, काठमाण्डौ उपत्यका	श्री पूर्णदास श्रेष्ठ
३.	उप-कार्यकारी निर्देशक, मेलम्ची उपत्यका	श्री कृष्ण राना
४.	युनिट प्रमुख, प्रशासन	श्री यज्ञ बहादुर खत्री
५.	युनिट प्रमुख, लेखा	श्री भागिरथ पाण्डेय
६.	युनिट प्रमुख, प्लानिङ, एण्ड प्रोक्युरमेन्ट	श्री सुदर्शन भण्डारी
७.	युनिट प्रमुख, इन्जिनियरिङ, काठमाण्डौ उपत्यका	श्री नरेन्द्र कुमार बराल
८.	युनिट प्रमुख, सेफ गार्ड	श्री भरत बहादुर के.सी.
९.	युनिट प्रमुख, इन्जिनियरिङ, मेलम्ची उपत्यका	श्री रामचन्द्र देवकोटा
१०.	वरिष्ठ कानून अधिकृत	श्री सकुन्तला थापा
११.	इन्जिनियर	श्री मोहन चन्द्र भट्ट
१२.	इन्जिनियर	श्री सुनिल देव पन्त
१३.	इन्जिनियर	श्री आलोकराज पाण्डे
१४.	इन्जिनियर	श्री माधव प्रसाद नेपाल
१५.	प्रशासन अधिकृत	श्री राजेन्द्र पुडासैनी
१६.	लेखा अधिकृत	श्री युवराज कट्टेल
१७.	लेखा अधिकृत	श्री टेकनाथ पोखरेल
१८.	पुनर्वास अधिकृत	श्री शगुन शाह
१९.	शाखा अधिकृत	श्री जनक प्रसाद शर्मा
२०.	जन सम्पर्क अधिकृत	श्री विष्णु राज सुवेदी
२१.	समाजशास्त्री	श्री कुमार ढकाल
२२.	इन्जिनियर	श्री इन्द्र प्रसाद श्रेष्ठ
२३.	इन्जिनियर	श्री शिव बहादुर काकी
२४.	इन्जिनियर	श्री सुमन यगोल
२५.	इन्जिनियर	श्री किशोर पन्थी
२६.	इन्जिनियर	श्री बिनोद प्रसाद पुडासैनी

२७.	इन्जिनियर	श्री बिनोद कुमार रजित
२८.	इन्जिनियर	श्री सुवर्ण केशरी श्रेष्ठ
२९.	इन्जिनियर	श्री संगीताञ्जली कोइराला
३०.	इन्जिनियर	श्री विजयराम लामिछाने
३१.	कम्प्युटर अधिकृत	श्री महेन्द्र प्रसाद लम्साल
३२.	वरिष्ठ प्रशासन सहायक	श्री शालिकराम सुबेदी
३३.	वरिष्ठ प्रशासन सहायक	श्री बाल कृष्ण दाहाल
३४.	वरिष्ठ लेखा सहायक	श्री उमानाथ ढकाल
३५.	वरिष्ठ प्रशासन सहायक	श्री हरि प्रसाद शर्मा गौतम
३६.	वरिष्ठ प्रशासन सहायक	श्री रेणु चालिसे
३७.	वरिष्ठ प्रशासन सहायक	श्री विनोद कुमार भण्डारी
३८.	वरिष्ठ प्रशासन सहायक	श्री सुरेश बोहरा
३९.	वरिष्ठ प्रशासन सहायक	श्री यादव भट्टराइ
४०.	वरिष्ठ प्रशासन सहायक	श्री धर्म राज देवकोटा
४१.	वरिष्ठ प्रशासन सहायक	श्री खिबराज शर्मा
४२.	वरिष्ठ प्रशासन सहायक	श्री उमाकान्त मरासिनी
४३.	कम्प्यूटर अपरेटर	श्री जुनु कार्की
४४.	कम्प्यूटर अपरेटर	श्री नरेश प्रसाद आचार्य
४५.	कम्प्यूटर अपरेटर	श्री अर्जुन कुमार खड्का
४६.	कम्प्यूटर अपरेटर	श्री गौलोचन प्रधान
४७.	सब-इन्जिनियर	श्री सन्तोष भण्डारी
४८.	सब-इन्जिनियर	श्री रामचन्द्र पोखरेल
४९.	प्रशासन सहायक	श्री ऋषिराम पौडेल
५०.	नापी निरिक्षक	श्री विष्णु प्रसाद आचार्य
५१.	नापी निरिक्षक	श्री प्रदीप प्रसाद हुमागाई
५२.	सर्भेयर	श्री श्याम सुन्दर मचामसि
५३.	हलुका सवारी चालक	श्री सुदर्शन अधिकारी
५४.	हलुका सवारी चालक	श्री अर्जुन सिजापती
५५.	हलुका सवारी चालक	श्री आशाकाजी महर्जन
५६.	हलुका सवारी चालक	श्री रूद्र बहादुर बम्जन
५७.	हलुका सवारी चालक	श्री हिक्मत बहादुर चन्द
५८.	हलुका सवारी चालक	श्री पदम बहादुर थापा
५९.	हलुका सवारी चालक	श्री नेबा सिंह
६०.	हलुका सवारी चालक	श्री जोगमेहर तमी श्रेष्ठ
६१.	हलुका सवारी चालक	श्री सुर्दशन नेपाल
६२.	हलुका सवारी चालक	श्री पुरूषोत्तम खड्का
६३.	हलुका सवारी चालक	श्री लेम्बा लामा
६४.	हलुका सवारी चालक	श्री निम बहादुर भण्डारी
६५.	हलुका सवारी चालक	श्री गोविन्द बहादुर चौधरी
६६.	निम्न सहायक	श्री ईश्वर थापा
६७.	निम्न सहायक	श्री शान्ता विष्ट
६८.	निम्न सहायक	श्री खडग कार्की
६९.	निम्न सहायक	श्री उज्ज्वल मान गोपाली

७०.	निम्न सहायक	श्री चन्द्र बहादुर रेगु
७१.	निम्न सहायक	श्री फूल बहादुर तामाङ
७२.	निम्न सहायक	श्री ध्रुव प्रसाद दाहाल
७३.	निम्न सहायक	श्री माझि तामाङ
७४.	निम्न सहायक	श्री कमला तामाङ
७५.	निम्न सहायक	श्री कृष्ण बहादुर जि.सी.
७६.	स्वीपर	श्री सानुमाया पोडे

२.२ मेलम्ची खानेपानी आयोजना समिति जनसम्पर्क परामर्शदाता (पि.आर.सी.) स्टाफ विवरण

क्र.सं.	नाम	कार्यक्षेत्र	पद
१	श्री सलिल देवकोटा	जनसम्पर्क परामर्शदाता	टोली प्रमुख (टिम लिडर)
२	श्री कमल डुम्रे	" "	गुनासो व्यवस्थापन अधिकृत
३	श्री रामगोपाल महर्जन	" "	लेखापाल/कार्यालय व्यवस्थापक
४	श्री संगीता श्रेष्ठ	" "	कार्यालय सचिव/कम्प्युटर अपरेटर
५	श्री सूर्य काफ्ले	" "	जनसम्पर्क सहायक
६	श्री नवराज बस्नेत	" "	" "
७	श्री काली बाईबा	" "	" "
८	श्री प्रेम लामा	" "	हलुका सवारी चालक
९	श्री प्रितम लाल श्रेष्ठ	पुनर्वास कार्ययोजना	पुनर्वास अधिकृत
१०	श्री रबिन भण्डारी	" "	पुनर्वास अधिकृत
११	श्री अजिप दाहाल	" "	पुनर्वास अधिकृत
१२	श्री कमला दाहाल	" "	निम्न सहायक
१३	श्री राधाराम कोइराला	सूचना केन्द्र	सूचना अधिकृत
१४	श्री पुष्कर राज जोशी	" "	व्यवस्थापन अधिकृत
१५	श्री दिपक खड्का	" "	पि.आई.सी. अधिकृत
१६	श्री दिपक कारन्जित	" "	" "
१७	श्री थमिला स्याङ्बो	" "	कार्यालय सहायक
१८	श्री तेज राज भण्डारी	सामाजिक उत्थान कार्यक्रम	समाजशास्त्री
१९	श्री भरत आचार्य	" "	सुप अधिकृत
२०	श्री सञ्चमाया स्याङ्बो	" "	सामाजिक परिचालक
२१	श्री पेमा खेण्डो लामा	" "	" "
२२	श्री विर बहादुर तामाङ	" "	" "
२३	श्री प्रेम बहादुर तामाङ	" "	" "
२४	श्री डम्बर बहादुर वि.के.	" "	" "
२५	श्री राम कृष्ण सुनार	" "	" "
२६	श्री मत बहादुर गिरी	" "	" "
२७	श्री रत्न चालिसे	" "	सुप सुपरभाइजर
२८	श्री गोपाल कृष्ण थापा	" "	" "
२९	श्री काशी राम शर्मा	" "	निम्न सहायक
३०	श्री विष्णु प्रसाद मिश्रा	" "	" "
३१	श्री दामोदर श्रेष्ठ	" "	" "
३२	श्री अञ्जन श्रेष्ठ	" "	" "
३३	श्री हस्त बहादुर तामाङ	" "	हलुका सवारी चालक

३४	श्री कृष्ण गिरी	सामाजिक उत्थान कार्यक्रम	हलुका सवारी चालक
३५	श्री सुभास थापा	,, ,,	निम्न सहायक
३६	श्री मातृका पाण्डे	प्रशासन	हलुका सवारी चालक
३७	श्री दिप बहादुर खड्का	औजार	,, ,,

२.३ मेलम्ची खानेपानी आयोजना व्यवस्थापन परामर्शदाता (पि.एम.सी.) तर्फका स्टाफ विवरण

क.सं.	नाम	पद
१	श्री क्रिस टोली	टोली प्रमुख (आंशिक)
२	श्री जोन क्यू.कुपर	टनेल विशेषज्ञ (आंशिक)
३	श्री जोन म्याकेनोन	सेफगार्ड विशेषज्ञ (आंशिक)
४	श्री सोमनाथ पौडेल	उप-टोली प्रमुख
५	श्री रामहरि शर्मा	योजनाविद
६	श्री माधव प्रसाद जोशी	सामाजिक परिचालन विशेषज्ञ
७	श्री यज्ञ रत्न ताम्राकार	लेखा विशेषज्ञ
८	श्री मुरली प्रसाद शर्मा	कानुनी सल्लाहकार (आंशिक)
९	श्री गणेश बहादुर तामाङ्ग	कार्यालय प्रबन्धक
१०	श्री नविन प्रकाश शाह	लेखापाल
११	श्री सरिता तिवारी	कम्प्युटर अपरेटर
१२	श्री हेलिकन सिटौला	इन हाउस प्रोग्रामर
१३	श्री राज कुमार के.सी.	कार्यालय सहायक
१४	श्री राजु लामा	हलुका सवारी चालक
१५	श्री रमेश के.सी.	हलुका सवारी चालक
१६	श्री शुसुराम धौखेमी	हलुका सवारी चालक
१७	श्री राजेश वज्राचार्य	हलुका सवारी चालक
१८	श्री जनक प्रसाद अधिकारी	परिचर

२.४ वातावरण व्यवस्थापन कार्यक्रम (इ.एम.पी.) स्टाफ विवरण

क.सं.	नाम	पद
१.	डा. रामबहादुर खड्का	टोली प्रमुख
२.	श्री सुरेश मरहट्टा	हाईड्रोलोजिष्ट
३.	श्री भाष्कर मास्के	ईन्जिनियर
४.	श्री अभिषेक न्यौपाने	वतावरण विद
५.	श्री कीर्ति श्यामसुन्दर जोशी	लेखा तथा प्रशासन
६.	श्री राजकाजी श्रेष्ठ	कम्प्युटर अपरेटर
७.	श्री धर्मराज घर्तिमगर	फिल्ड सहायक
८.	श्री ताराबहादुर देउजा	फिल्ड सहायक
९.	श्री कृष्ण श्रेष्ठ	फिल्ड सहायक
१०.	श्री निर्मला ढकाल	फिल्ड सहायक
११.	श्री पार्वती बंगाल	प्रयोगशाला प्राविधिक
१२.	श्री रामशरण दुलाल	हलुका सवारी चालक
१३.	श्री लक्ष्मी कार्की	निम्न सहायक
१४.	श्री रामकाजी तामाङ्	निम्न सहायक
१५.	श्री नवराज भण्डारी	प्रयोगशाला सहायक

अनुसूची ३

आयोजना र आयोजना प्रभावित क्षेत्रका समितिहरूबीच गरिएका सम्झौताका नमुनाहरू

३.१ यस मे.खा.वि.स. का कार्यकारी निर्देशक हरिराम कोइराला प्रथम पक्ष र ह्योल्मो सिन्धु मेलम्ची उपत्यका (सा.उ.का) का वर्तमान अध्यक्ष चन्द्र बहादुर थापा दोश्रो पक्ष रही तीन तीन जना साक्षिहरूको रोहबरमा यही मिति २०६५ असार २० गते हस्ताक्षरित भएको

सम्झौता-पत्र २०६५

नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय मातहत विकास समिति ऐन २०१३ को दफा ३ बमोजिम गठित मेलम्ची खानेपानी विकास समिति (जसलाई यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिएको) र मेलम्ची आयोजना प्रभावित १४ गा.वि.स.का स्थानीयबासिन्दाको माग अनुरूप नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६४/५/३० गतेको मन्त्रीस्तरीय निर्णयबाट अनुमोदित भई गठन भएको ह्योल्मो-सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समिति (जसलाई यसपछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) बीच निम्न लिखित शर्तहरूलाई पालना गर्ने गरी गत आ.व. २०६४/६५ मा दुवै पक्षबीच भएको सम्झौतालाई समेत आधार मानी करार ऐन २०५६ को अधिनमा रही यो करार सम्झौता गरिएको छ ।

सम्झौताका शर्तहरू

१. प्रथम पक्षबाट सम्झौता भई दोस्रो पक्षले आ.व. २०६५/६६ मा संचालन गर्नुपर्ने कार्यक्रमहरू देहाय बमोजिम रहेका छन् ।

क) मध्यवर्ती क्षेत्र विकास ख) स्वास्थ्य ग) शिक्षा घ) आयआर्जन ङ) ग्रामीण विद्युतीकरण

२. कार्यक्रम संचालन गर्नु पर्ने प्रभावित १४ गा.वि.स.हरू देहाय बमोजिम रहेका छन् ।

क) हेलम्बु ख) किउल ग) इचोक घ) पाल्चोक ङ) दुवाचौर
च) महाकाल छ) तालामाराङ ज) थकनी झ) हैबुङ ञ) भोटेचौर
ट) सिन्धुकोट ठ) बोसबारी ड) फटकशिला ढ) मेलम्ची

३. कार्यक्रमको सम्झौता अवधी आजका मितिले १ वर्ष अर्थात मिति २०६६ आषाढ मसान्तसम्म रहनेछ ।

४. दोस्रो पक्षले सामाजिक उत्थान कार्यक्रम संचालन गर्दा पहिला दलित, सिमान्तकृत, जनजाती पिछडिएको क्षेत्र विपन्न वर्ग एवं विकट ३ वनौटको आधारमा योजना छनौट, प्राथमिकीकरण गरी स्थानीय बासिन्दाको आर्थिक संलग्नतामा कार्यक्रम संचालन गर्नुपर्ने छ ।

५. प्रथम पक्ष र दोस्रो पक्षबीच भएको सम्झौता बमोजिमको रकम प्रथम पक्षले दोस्रो पक्षको खातामा यो सम्झौता भएको मितिले १ महिनाभित्र जम्मा गरिसक्नेछ ।

६. ऋण सहयोगी संस्था एशियाली विकास बैंकले चाहेको अवस्थामा प्रथम पक्षले दोस्रो पक्षको अभिलेख तथा हरहिसाब दोस्रो पक्षले प्रथम पक्ष मार्फत सिधै दोस्रो पक्षले देखाउनु पर्नेछ ।

७. सामाजिक उत्थान कार्यक्रम संचालनका लागि आवश्यक विशेषज्ञ, कर्मचारी तथा दक्ष जनशक्ति दोस्रो पक्षले नै नियुक्ति गर्नुपर्नेछ । यसरी नियुक्त गरिने विशेषज्ञ, कर्मचारी तथा जनशक्ति स्थानीय १४ गा.वि.स.मा उपलब्ध नभएको खण्डमा मात्र अन्य क्षेत्रबाट नियुक्ति गर्न सकिनेछ ।

८. यस सम्झौता पत्रमा उल्लेखित शर्तहरूको संशोधन, थपघट वा परिवर्तन गर्नु पर्ने भएमा दुवै पक्षको सहमतिले जुनसुकै बेला गर्न सकिनेछ ।

९. यो सम्झौता दुवै पक्षको हस्ताक्षर मितिदेखि क्रियाशील हुनेछ ।

१०. माथि उल्लेखित सम्झौताका सम्पूर्ण शर्तहरूका अधिनमा रहने गरी कार्य गर्ने/गराउन दुवै पक्षको मन्जुरी भएकोले निम्न साक्षीको रोहबरमा मेलम्ची खानेपानी विकास समितिको केन्द्रीय कार्यालय, मीनभवनमा बसी हस्ताक्षर र कार्यालयको छाप लगाई सम्झौता पत्रको एक एक प्रति लियौं/दियौं ।

३.२ मिति २०६४/१०/३ गते नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय, मेलम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशक हरिराम कोइराला र मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र मण्डन उपत्यका विकास समितिका अध्यक्ष अच्युत पौडेलको संयोजकत्वमा हस्ताक्षरित भै दुवै पक्ष बीच निम्न बमोजिमको कार्य तत्काल प्रारम्भ गर्ने सहमति भयो ।

सम्झौता-पत्र २०६४

सहमतिको बुँदाहरू

१. काभ्रेपलाञ्चोक जिल्लामा पर्ने मण्डन भ्यालिको देहाएका ५ वटा गा.वि.स.लाई मेलम्ची खानेपानी परियोजनाबाट प्रभावित क्षेत्र घोषणा गर्ने गरी सिन्धुपाल्चोकको १४ वटा प्रभावित गा.वि.स. सरह समाजिक उत्थान कार्यक्रम संचालन गर्ने नीतिगत रूपमा सहमत भै परियोजनालाई ऋण सहयोग गर्ने एशियाली विकास बैंकको आगामी आसन्न बैठकबाट अनुमोदित गराउन परियोजनाको तर्फबाट यथाशिघ्र कारवाही अगाडि बढाउने ।

गा.वि.स.हरू

१) महादेवस्थान २) चण्डनेमण्डन ३) जैशीथोक
४) गैरीबिसौना देउपुर र ५) पाचखाल र पहिचान हुन सक्ने अन्य गा.वि.स.हरू

२. परियोजनाबाट प्रभावित क्षेत्रको पुष्ट्याई प्रकृया र विधि पुरा गर्न सार्वजनिक सुनुवाईको कारवाही तत्काल अगाडि बढाउन परियोजनाबाट विशेषज्ञ टोली प्रभावित क्षेत्रमा १५ दिन भित्र खटाई पठाउने ।

३. परियोजनाको छनौट र बजेट विनियोजन र निकासा यही बर्षदेखि गर्ने गरी दुवै पक्षबाट यथाशक्य पहल गर्ने कार्यक्रमको स्वरूप मण्डन भ्याली विकास समितिको तर्फबाट र कार्यक्रमको अनुमानित लागत बजेट निर्धारण गरी ऋण सहयोग गर्ने संस्था एशियाली विकास बैंकमा १ महिना भित्र पठाई सक्ने सहमति भयो ।

४. जिरो किलोदेखि १२ किलोमिटरसम्मको ग्रेडिङ्ग कार्य प्रारम्भ हुने प्रक्रियामा भएको र सो कार्य सञ्चालनको विधि मण्डन भ्यालीसग समन्वय गरी दुवै पक्षको सहमतिले अगाडि बढाउने र कालोपत्र बिछ्याउने कार्यसग सम्बन्धीत रूख, बिरूवा, अधिग्रहण भै मुआब्जा वितरण गर्न बाकी रहेका घर जग्गाहरूको मुआब्जा वितरण प्रकृयालाई तत्काल ठोस र मुर्तिकरण गरी हाल मुआब्जा दिन बाकी घर जग्गा र बिरूवाको मुआब्जा तत्काल दिने प्रकृया परियोजनाले अगाडि बढाउने र अधिग्रहण गरी न्यूनतम बाकी रहेको घर जग्गाको अभिलेख तयार गरी अधिग्रहण प्रकृयालाई अगाडि बढाउन सहमत भयो ।

५. स्थानीय समितिको स्वरूप र संरचनाको परियोजना र स्थानीय समितिबीच छलफल गरी एक महिना भित्र विधान तयार गरी सक्नु पर्ने निर्णय गरीयो ।

६. अन्य प्रकृयाहरूलाई व्यवस्थित र पुनरावलोकन गर्न क्रमशः जन प्रतिनिधिको तर्फबाट माननीय सांसद विधायक सूर्यमान दोङ्ग, परियोजनाको तर्फबाट कार्यकारी निर्देशक हरि राम कोइराला र मण्डन भ्याली विकास समितिको तर्फबाट अच्युत प्रसाद पौडेल समेत रहने गरी ३ सदस्यीय अनुगमन समिति गठन गरियो ।

७. मण्डन भ्याली विकास समितिले नियन्त्रणमा राखिएको परियोजनाको बा.४ च. ६६६५ नं. को गाडी परियोजनालाई फिर्ता दिने र परियोजनाको आगमनलाई स्वभाविक संचालन गर्न दिने सहमति भयो। समितिद्वारा आव्हान भएको संघर्षको कार्यक्रमहरू हाललाई स्थगीत गर्न सहमति भयो।

३.३ प्रथम पक्ष तर्फ मेलम्ची खानेपानी विकास समितिका इन्जिनियरिङ्ग युनिट प्रमुख नरेन्द्र बराल र दोश्रो पक्षको तर्फबाट निर्माण उपभोक्ता समिति, सुन्दरीजल, काठमाडौंका अध्यक्ष मिन बहादुर घिमिरेको बीच विभिन्न चार साक्षीको रोहबरमा हस्ताक्षर भई सहमति भएको

सम्झौता-पत्र २०६४

नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय, मेलम्ची खानेपानी विकास सिमिति, सिनभवन, काठमाडौं (जसलाई यो सम्झौतामा, यस पछि पहिलो पक्ष भनी सम्बोधन गरिने छ) आगे सुन्दरीजल गा.वि.स. वडा नं. ७ महाकाल स्थित **मेलम्ची खानेपानी विकास निर्माण उपभोक्ता समति** (जसलाई यो सम्झौतामा, यस पछि दोस्रो पक्ष भनिनेछ) ले यस सुन्दरीजल एडिट प्रवेश मार्ग अन्तर्गतको ठेक्का पट्टा संख्या MDS/AAR/003 मा समावेश नभएका र स्थानीय समुदायहरूबाट थप माग भएका विभिन्न निर्माण कार्यहरूको Environmental Management Programme, CEMAT/SchEMS JV In Association with EEC बाट प्रेशित प्रतिवेदन अनुसारको निर्माण कार्य जस्तै चे नं ०+४८० देखि सडकको बायां किनारमा ५० मीटर सतह कुलो, चे नं. ०+६६५ देखि ०+६९० सम्म ब्रेस्टवाल वाल, ओखेनी मा.वि. पछाडिको ब्रेस्टवाल, र चे. नं. ०+ ९०० देखि चे. नं. १+०६४ सम्मको सडक किनाराको बायां तर्फको सतह कुलो, तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गर्न गराउन प्रथम पक्ष र दोस्रो पक्षबीच सहमति भै यो सम्झौता गरेका छौं।

तपसिल (सम्झौताका शर्तहरू)

१. पहिलो पक्षबाट र दोस्रो पक्षबीच उल्लेखित निर्माण कार्य गर्न गराउन पटक/पटक छलफल एवं बैठकहरूको पूर्व निर्णय बमोजिम परामर्शदाताबाट प्राप्त लागत अनुमान अनुसारको परिमाण मूल्यमा समावेश भएका जनशक्ति एवं निर्माण सामाग्रीको जनशक्तिको मात्र कुल मूल्यमा १५% ले घटी गरी, परिमाण, मूल्य कायम गरी तयार गरिएको दर विश्लेषण मुताबिक हुनेछ।

२. निर्माण कार्य गर्नु पूर्व स्वीकृत डिजाइन ड्रइङहरू मुताबिक लाइन लेवल मेलम्ची खानेपानी विकास समितिबाट तोकिएको अधिकारीबाट स्वीकृत गराई गरिने छ।

३. तोकिएको निर्माण कार्यहरूको विस्तृत परिमाण र परिमाण मूल्य सलग्न Bill of Quantities बमोजिम हुनेछ। साथै सो मूल्यमा मूल्य अभिवृद्धि कर ओभरहेड समावेश गरिने छैन।

४. सलग्न स्वीकृत रकमको ३३% (१/३) रकम दोस्रो पक्षलाई अग्रिम पेश्की दिइने छ। यसरी दिइएको पेश्की रकम अन्तिम बिल भुक्तानि गर्नु पूर्व बिलहरूबाट फछ्यौट गरिने छ।

५. दोस्रो पक्षबाट सम्पन्न गरेको कामको पहिलो पक्षबाट प्राविधिक मूल्याङ्कन गरी रनिङ बिल मार्फत भुक्तानि गरिने छ।

६. दोस्रो पक्षलाई निर्माण कार्यको भुक्तानि दिंदा दफा नं. १ मा उल्लेखित लागत बमोजिम रहेको मूल्यमा मूल्य अभिवृद्धिकर र ओभरहेड रकम कट्टा गरी भुक्तानि दिइने छ।

७. दोस्रो पक्षले हरेक किस्ता रनिङ बिलको कार्यको प्राविधिक मूल्याङ्कन, बिल, भपांइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा सम्बन्धित समुदायको बैठकबाट अनुमोदन गराई पहिलो पक्षलाई पेश गर्नु पर्नेछ।

८. दोस्रो पक्षले सम्पादित कार्यको प्रगति एवं खर्चको सूचना सार्वजनिक स्थानमा टांस गरी सार्वजनिक गर्नु पर्नेछ।

९. पहिलो पक्षले सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति दोस्रो पक्ष आफैले करारमा नियुक्ति गर्न सक्नेछ। त्यसरी नियुक्ति गरिएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक पहिलो पक्षले कट्टा गरेको कन्टिन्जेन्सी रकमबाट भुक्तानि गरिने छ। तर त्यस्तो पारिश्रमिक रकम लागत अनुमानको ३% भन्दा बढि हुनेछैन।

१०. दोस्रो पक्षबाट सम्पादित हुने कार्यमा लोडर, एक्सामेटर, रोलर, डोजर, ग्रेडर, बिटुमिन डिस्ट्रीब्युटर, बिटुमिन बोइलर जस्ता हेभी मेशिनहरू प्रयोग गर्न सकिने छैन ।

११. दोस्रो पक्षले सम्पन्न गर्न भनी जिम्मा लिएको निर्माण कार्य आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश दोस्रो पक्षले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा वा सो कुराको सूचना पहिलो पक्षलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि पहिलो पक्षले सो सम्बन्धमा जांच गरी दोस्रो पक्षसंग भएको सम्झौता तोडी बांकी काम प्रचलित ऐन र नियम अनुसार गराउन सकिनेछ ।

१२. दोस्रो पक्षले जिम्मा लिएको निर्माण कार्यसम्झौता गरेको मितिले ४५(पैंतालिस) दिन भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

१३. दोस्रो पक्षले निर्माण कार्य सम्पन्न गरी सकेपछि पहिलो पक्षले तोकेको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जांचपास गराउनु पर्नेछ । यसरी प्राप्त विवरणहरूको पहिलो पक्षले अभिलेख राख्नु पर्नेछ ।

१४. दोस्रो पक्षले पहिलो पक्षबाट जिम्मा लिइएको निर्माण कार्य नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको "स्टाण्डर्ड ब्रिज एण्ड रोड" स्पेशिफिकेशन बमोजिम हुनेछ ।

१५. दोस्रो पक्षले आफूले प्राप्त गरेको रकम दुरूपयोग गरेको पाइएमा पहिलो पक्षले छानबिन गरी त्यस्तो रकम दोस्रो पक्षको दामकाम गर्ने पदाधिकारीबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

३.४ मिति २०६४/११/९ मा प्रथम पक्षका तर्फबाट यस मे.खा.वि.स.का कार्यकारी निर्देशक हरिराम कोइराला दोश्रो पक्षतर्फबाट ह्योल्मो खानेपानी सरोकार समितिका अध्यक्ष डयोङ्ग लामाबीच निम्न लिखित शर्तको अधिनमा रहने गरी विभिन्न ५ साक्षीहरूको रोहबरमा हस्ताक्षरित

सम्झौता-पत्र

१. नेपाल सरकार अन्तर्गत सचालन भैरहेको मेलम्ची खानेपानी परियोजनाको नामाकरण गर्दा इन्टेक निर्माण हुने स्थल ह्योल्मोको नाम संबोधन नभएकोले उक्त खानेपानी परियोजनाको नामलाई संशोधन गरी ह्योल्मोको नाम समेत संबोधन हुनेगरी नामाकरण गर्न नेपाल सरकार, स्थानीय समिति, सरकारका अन्य सम्बद्ध पक्षहरूबीच व्यापक छलफल गर्न परियोजनाको तर्फबाट १ महिना भित्र प्रकृया अगाडि बढाउने सहमति भयो ।

२. मुहानमाथि पर्ने स्थानीय जनताको बसोबासलाई यथास्थिति राख्ने गरी सुनिश्चित गर्न परियोजना दृढ र प्रतिबद्ध रहेको छ । तर दैवि प्रकोप वा काबु बाहिरको परिस्थिति परि स्थानान्तर हुन परेको अवस्थामा यो हद लागु हुने छैन ।

३. हेलम्बु गा.वि.स.को अम्बाथान-नाकोते सम्मको मोटर बाटो निर्माण गर्न र डम्पिङ साइटसम्म पुग्ने गरी विभिन्न गाउँबाट आउने मोटरबाटो निर्माण गर्ने प्रयोजनको लागि यस चालु आ.व. २०६४/६५ को आगामी आषाढ १५ गतेसम्म परियोजनाबाट प्राविधिक तोकी अध्ययन कार्य सम्पन्न गरि प्रतिवेदन प्राप्त गरी सक्नुपर्नेछ । साथै यो पश्चातको सडक निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेट निकासा र तर्जुमाको लागि सम्बद्ध निकायमा अनुरोध गरी कारवाही अगाडि बढाउन स्थानीय जनता र परियोजनाको तर्फबाट संयुक्त पहलकदमी गर्दै जाने सहमति भयो ।

४. परियोजनाको ह्योल्मो निर्माण स्थलमा टनेलको निर्माण कार्य संचालन गर्न आवश्यक जनशक्ति मध्ये ३०% स्थानीय व्यक्तिहरूलाई सहभागि गराउनु दुवै पक्षको सहमति भयो ।

५. दीर्घकालीन योजना अन्तर्गत पर्ने एम्बुलेन्स, लेभी , विद्युत सम्बन्धमा नेपाल सरकारसंग क्रमशः छलफल प्रकृया अगाडि बढाउने सहमति भयो ।

६. गत २०६३ साल चैत्र देखि निर्माण कार्य स्थगित रहन गएको टिम्बु सडक (२.४ कि.मी.) को निर्माण कार्य प्रारम्भ गरी निर्माण कार्य अगाडि बढाउने गरी दुवै पक्षको सहमति भयो । प्रथम पक्षले सम्बन्धित ठेकेदारलाई निर्माण कार्य शुरु गर्न तत्काल सूचित गर्ने र दोश्रो पक्षले उक्त सडक निर्माण कार्यको लागि आवश्यक सहयोगको वातावरण तयार गर्न सहमति भयो । साथै अम्बाथान सुरुङ प्रवेश मार्ग निर्माणको लागि ठेक्का भइसकेको काम बाहेक थप निर्माण कार्य ह्योल्मो खानेपानी सरोकार समितिको सहमतिमा नियमानुसार गर्ने सहमति भयो ।

७. यो सम्झौता दुवै पक्षको हस्ताक्षर भएको मितिदेखि क्रियाशिल हुनेछ । यो सम्झौतामा उल्लेखित शर्तहरू दुवै पक्षले जानी बुझी सहीछाप गरी १/१ प्रति लियौं दियौं ।

अनुसूची ४

ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालक समिति तथा पदाधिकारीहरूको विवरण

क.सं.	नाम	पद	ठेगाना	प्रतिनिधित्व
१.	चन्द्र ब. थापा	अध्यक्ष	भोटेचौर-३	अन्य
२.	ध्रुवलाल श्रेष्ठ	उपाध्यक्ष	मेलम्ची-२	जनजाति
३.	शिव प्रसाद लामिछाने	कोषाध्यक्ष	माहांकाल-१	अन्य
४.	सावित्री श्रेष्ठ	सह-सचिव	दुबाचौर-२	महिला
५.	उपेन्द्र तामाङ	सदस्य	बांसबारी-९	अन्य
६.	ज्यान बहादुर तामाङ	सदस्य	दुबाचौर-६	जनजाती
७.	भिम बहादुर गुरुङ	सदस्य	माहांकाल-६	जनजाती
८.	छिरिङ लामा	सदस्य	किउल-६	जनजाती
९.	बडदी लामा	सदस्य	किउल-९	जनजाती
१०.	भगवती नेपाल	सदस्य	सिन्धुकोट-१	महिला
११.	माया ब्लोन	सदस्य	हैबुङ - ५	महिला
१२.	कालीमाया गुरुङ	सदस्य	हैबुङ - १	महिला
१३.	शान्ति गजुरेल (घिमिरे)	सदस्य	ईचोक-७	महिला
१४.	रोहिणी वि.क.	सदस्य	भोटेचौर-४	दलित
१५.	लक्ष्मण बराईली	सदस्य	दुबाचौर-८	दलित
१६.	डम्बर बहादुर अर्याल	सदस्य	तालामाराङ-६	नागरिक समाज/बुद्धीजिवि
१७.	नोर्साङ लामा	सदस्य	पाल्चोक-९	पदेन सदस्य गा.वि.स.
१८.	गोपाल नेपाल	सदस्य	सिन्धुकोट-१	पदेन सदस्य गा.वि.स.
१९.	तेज बहादुर तामाङ	सदस्य	तालामाराङ-३	पदेन सदस्य गा.वि.स.
२०.	लिला बहादुर ज्योति	सदस्य	किउल-१	पदेन सदस्य गा.वि.स.
२१.	जित बहादुर तामाङ	सदस्य	दुबाचौर-७	पदेन सदस्य गा.वि.स.
२२.	सञ्च बहादुर तामाङ	सदस्य	ईचोक-५	पदेन सदस्य गा.वि.स.
२३.	लानम लामा	सदस्य	ईचोक-६	पदेन सदस्य गा.वि.स.
२४.	गंगा बहादुर दनुवार	सदस्य	मेलम्ची-२	पदेन सदस्य गा.वि.स.

२५.	हर्क बहादुर तामाङ	सदस्य	महाकाल-५	पदेन सदस्य गा.वि.स.
२६.	देवेन्द्र घोरासैनी	सदस्य	फटकशिला-२	पदेन सदस्य गा.वि.स.
२७.	चलन बहादुर तामाङ	सदस्य	थकनी-४	पदेन सदस्य गा.वि.स.
२८.	राम बहादुर लामा	सदस्य	हैबुङ	पदेन सदस्य गा.वि.स.
२९.	दिपलाल चौलागाई	सदस्य	भोटेचौर	पदेन सदस्य गा.वि.स.
३०.	.....	सदस्य	बांसबारी	पदेन सदस्य गा.वि.स.
३१.	भरत बहादुर के.सी.	सदस्य सचिव		मे.खा.वि.स., सेफगार्ड युनिट

लेखा समितिका पदाधिकारीहरू

क.सं.	नाम	पद	ठेगाना	प्रतिनिधित्व
१.	कृष्ण प्रसाद चौलागाई	अध्यक्ष	भोटेचौर-३	अन्य
२.	हर्क बहादुर तामाङ	उपाध्यक्ष	मेलम्ची-२	जनजाति
३	सानु रस्तेल	कोषाध्यक्ष	महाकाल-१	अन्य

हार्दिक बधाई तथा शुभकामना

यस कार्य समितिका पदाधिकारीहरू तथा सदस्य ज्यूहरू ह्योल्मो-सिन्धु-मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समिति (ह्यो.सि.मे.स.) को प्रथम साधारण सभाबाट अध्यक्ष लगायत तपशिल बमोजिमका विभिन्न पदहरूमा निर्विरोध निर्वाचित हुनु भएको हुँदा उहाँहरूको कार्यकालको पूर्ण सफलताको कामना गर्दै उहाँहरूको कार्यकालमा मेलम्ची उपत्यकामा सा.उ.का. का धेरै क्रियाकलापहरू सफलताका साथ द्रुत-गतिमा संचालन होस भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ह्यो. सि.मे.स.का नव निर्वाचित पदाधिकारीहरू

क.स.	नाम	पद			
१.	चन्द्र बहादुर थापा	अध्यक्ष	१६.	डम्बर बहादुर अर्याल	सदस्य
२.	ध्रुवलाल श्रेष्ठ	उपाध्यक्ष	१७.	नोर्साङ लामा	सदस्य
३.	शिव प्रसाद लामीछाने	कोषाध्यक्ष	१८.	गोपाल नेपाल	सदस्य
४.	सावित्री श्रेष्ठ	सह-सचिव	१९.	तेज बहादुर तामाङ	सदस्य
५.	उपेन्द्र तामाङ	सदस्य	२०.	लिला बहादुर ज्योति	सदस्य
६.	ज्यान बहादुर तामाङ	सदस्य	२१.	जित बहादुर तामाङ	सदस्य
७.	भिम बहादुर गुरुङ	सदस्य	२२.	सञ्च बहादुर तामाङ	सदस्य
८.	छिरिङ लामा	सदस्य	२३.	लानम लामा	सदस्य
९.	बडदी लामा	सदस्य	२४.	गंगा बहादुर दनुवार	सदस्य
१०.	भगवती नेपाल	सदस्य	२५.	हर्क बहादुर तामाङ	सदस्य
११.	माया ब्लोन	सदस्य	२६.	देवेन्द्र घोरासैनी	सदस्य
१२.	कालीमाया गुरुङ	सदस्य	२७.	चलन बहादुर तामाङ	सदस्य
१३.	शान्ति गजुरेल (घिमिरे)	सदस्य	२८.	रामबहादुर लामा	सदस्य
१४.	रोहिणी वि.क.	सदस्य	२९.	दिपलाल चौलागाई	सदस्य
१५.	लक्ष्मण बराईली	सदस्य	३०	.....	सदस्य

हरिराम कोइराला
(कार्यकारी निर्देशक)
तथा
मेलम्ची खानेपानी विकास समिति, परिवार
मीनभवन, काठमाण्डौ ।

आयोजना सम्बन्धी जानकारीको लागि प्रकाशित महत्वपूर्ण सामाग्रीहरू

मेलम्ची खानेपानी विकास समिति

मीनभवन, काठमाडौं, नेपाल

फोन : ८७७ १ ४४६८८६३, ४४६८८६५, ४४८३८५८

फ्याक्स : ८७७ १ ४४६८८६२

Email : info@melamchiwater.org

URL : www.melamchiwater.org